का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ साउन २०८२
आइतबार
10 August 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक १८९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# शालिन दौडमा सिटौला



१५औं महाधिवेशनको तयारीमा लाग्दै गर्दा नयाँ भूमिकासहित सक्रियता बढाएका सिटौलालाई पछिल्लो पटक पार्टीले संविधान संशोधनका लागी छलफल र समन्वय गर्न संयोजकको भूमिका दिने तयारी छ । यसले उनलाई आगामी पार्टी नेतृत्वका लागी थप सहयोग पुग्ने देखिन्छ ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २४ साउन

नेपाली कांग्रेसका ७ पूर्वपदाधिकारीहहरूबीच अनौपचारिक जमघटका नाममा बेलाबखत हुने संवादले कांग्रेसको आन्तरिक राजनीतिमा आगामी १५औं महाधिवेशनको नेतृत्वको चर्चा हुने गरेको छ ।

वीपी, गणेशमान र महेन्द्रनारायण निधीका पुत्रत्रय शशांक कोइराला, प्रकाशमान सिंह र विमलेन्द्र निधीसहित पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला,पूर्वउपसभापति गोपालमान श्रेष्ठ,विजयकुमार गच्छेदार र पूर्वसहमहामन्त्रीसमेत रहेका कांग्रेसका प्रवक्ता डा.प्रकाशशरण महतबीच ३ पटक सामुहिक छलफल भइसकेको छ ।

उक्त छलफलले कांग्रेसको आन्तरिक राजनीतिक अवस्था, कांग्रेसकै मुख्य समर्थनमा बनेको सरकार सञ्चालनको कार्यशैली, पार्टीको १५औं महाधिवेशन र टिमको उम्मेदवारका बारेमा छलफल हुने गरेको छ । यसरी पार्टीका पुराना नेताहरूबीच सामुहिक संवाद चलिरहदा कांग्रेसका प्रभावशाली व्यक्ति राष्ट्रियसभा संसदीय दलका नेता सिटौलाले राजनीतिक बजारमा आफ्नो सक्रियतालाई देखिनेगरी बढाएका छन् ।

१५औं महाधिवेशनबाट नेतृत्व परिवर्तन पक्का भएसँगै कांग्रेसमा तेस्रो धारको नेतृत्व गरिरहेका नेता सिटौलाको सक्रियतालाई लिएर पार्टीभित्र बहसको विषय बनेको छ । उनले संस्थापन समूहका नेता एकीकृत गर्नेदेखि आफ्नो समूहको भेला राखेर परामर्श थालेका छन् । पार्टी विधानअनुसार शेरबहादुर देउवालाई तेस्रो कार्यकालका लागि सभापति बन्ने सुविधा छैन् । यो परिस्थितिमा सिटौलालाई पनि सभापतिको एक महत्वपूर्ण पात्रका रूपमा हेर्न थालिएको उनी निकटका नेताहरूले दाबी गर्दै आएका छन् ।

गत साता उनले कांग्रेस बिटमा समाचार लेख्ने पत्रकारहरूलाई बोलाएर आफ्नो धारणा सार्वजनीक गरेका थिए । त्यसबेला भएको अनौपचारिक कुराकानीमा उनले आगामी पार्टी नेतृत्वको तयारी गरेको बताएका थिए । 'मैले १४औं महाधिवेशनदेखि संस्थापन पक्ष (देउवा समुह)लाई सहयोग गर्दै आएको हो', उनले भनेका थिए ' विधानत अब शेरबहादुर देउवा सभापति बन्ने व्यवस्था छैन, उहाँले आफूलाई सहयोग गरेका साथिहरूलाई त इमान्दारीकासाथ सम्भनुहुन्छ होला ।' यो अभिव्यक्तिले सिटौला अहिले देउवाको साथ खोज्दै छन् । तर, सभापति देउवाले पृष्ठ २ मा

# कारागारको सुरक्षामा राज्यकै बेवास्ता !

निरन्तर झडपका घटना दोहोरिँदा पनि नेपालका कारागारहरूको सुरक्षा चुनौती कम नभएको घटनाक्रमले देखाउँछ । सरकार फेरि पनि गम्भीर नदेखिएको सरोकारवालाहरूको टिप्पणी छ ।



गृहमन्त्रीज्यूको नेतृत्वमा तीन वटै सुरक्षा निकायका प्रमुख, गृह सचिवज्यू सबै बसेर छलफल गरेका छौं ।

**आनन्द काफ्ले**
सहसचिव एवं प्रवक्ता
गृह मन्त्रालय




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ साउन

कैलालीको धनगढीस्थित कारागारभित्रै भएको एक जनाको मृत्यु र त्यसपश्चातको झडपको घटनाले फेरि पनि नेपालका कारागार असुरक्षित रहेको देखाएको छ ।

निरन्तर झडपका घटना दोहोरिँदा पनि नेपालका कारागारहरूको सुरक्षा चुनौती कम नभएको घटनाक्रमले देखाउँछ । सरकार फेरि पनि गम्भीर नदेखिएको सरोकारवालाहरूको टिप्पणी छ ।

गत शुक्रबार राति कारागारमा झडप हुँदा धनगढी-४ का भरत चौधरीको मृत्यु भएको थियो । अन्य ४७ जना घाइते भएका थिए । घटनापछि कैदीबन्दीहरूले कारागार नै नियन्त्रणमा लिएर सुरक्षामा चुनौती दिए । कारागारको सुरक्षा व्यवस्था अव्यवस्थित बन्न पुगेपछि संघीय सरकारले नै चासो देखायो । गृहमन्त्री रमेश लेखकले सुरक्षा निकायका प्रमुखसँग समेत छलफल गरे ।

शनिबार सिंहदरबारमा सुरक्षा प्रमुखहरू नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूलाई बोलाएर छलफल गरेका हुन् । कैदीबन्दीबीच झडपपछि उत्पन्न परिस्थितिका विषयमा छलफल गरेपछि गृहमन्त्री लेखकले यो घटनालाई गम्भीरताकासाथ लिएको र परिस्थिति सहज बनाउन सुक्ष्मरुपले हेरेको बताएका छन् ।

गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेले पनि कारागारको घटनालाई गृह मन्त्रालय र समग्र सुरक्षा निकायले परिस्थिति सहज बनाउन गम्भीरतापूर्वक सुक्ष्म रुपले हेरेको बताएका छन् ।

उनले भनेका छन्, 'गृहमन्त्रीज्युको नेतृत्वमा तीन वटै सुरक्षा निकायका प्रमुख, गृह सचिवज्यु सबै बसेर छलफल गरेका छौं ।'

गृह मन्त्रालयका अनुसार गम्भीर घाइते भएका एक जना घाइतेलाई थप उपचारका लागि काठमाडौं ल्याउने व्यवस्था मिलाइएको छ । स्थानीय पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियाले सन् २०२६ बाट विदेशी कामदारहरूमाथि बहुस्तरीय लेबी लगाउने

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २४ साउन

मलेसियाले आगामी वर्षदेखि मात्रै आप्रवासी कामदारहरूमाथि बहुस्तरीय लेबी संयन्त्रको कार्यान्वयन गर्ने भएको छ । मलेसिया सरकारले सुरुमा यस वर्षभित्रै लागू गर्ने उद्देश्य राखेको बहुस्तरीय लेबीको कार्यक्रम २०२६ देखि कार्यान्वयन गर्ने बताएको छ ।

मलेसियाको १३औं राष्ट्रिय योजनाले विदेशी कामदारमाथिको निर्भरता घटाउन विदेशी कामदारमाथि उनीहरूले पाउने तलबको कर (लेबी) लगाउने बताएको छ । मलेसियाका मानव संशाधन मन्त्री स्टीवन सिमले लेबी कार्यान्वयन गर्नुअघि सबै सरोकारवालाहरूसँग छलफल गर्ने बताएका छन् ।

मलेसियाले सन् २०३० सम्ममा विदेशी कामदारमाथिको निर्भरतालाई १० प्रतिशत र २०३५ सम्ममा ५ प्रतिशतमा घटाउन कदम चालिने बताएको छ । विदेशी कामदारमाथि लगाउने लेबीले मलेसियालीहरूका लागि रोजगारीका अवसर खोल्ने र उनीहरूलाई उच्च आय आर्जन गर्ने बाटो खोल्ने मलेसिया सरकारले बताएको छ ।

गत डिसेम्बरमा मलेसियन उत्पादकहरूको महासंघले मलेसिया सरकारलाई लेबी कार्यान्वयनको विवरण सार्वजनिक गर्न माग गरेको थियो । महासंघले सरकारी नीति कार्यान्वयन गर्न पर्याप्त समय दिन कम्तीमा ६ महिना अगाडि लेबीको विवरण घोषणा पृष्ठ २ मा

## साउदीको यान्बुमा ११ नेपाली चार महिनादेखि अलपत्र



**अन्जान गुभाजु/मध्यान्ह**
दम्माम, साउदी अरेबिया, २४ साउन

वैदेशिक रोजगारीका लागि साउदी अरब गएका ११ नेपाली कामदार चार महिनादेखि अलपत्र परेका छन् । काठमाडौंको बुढानीलकण्ठ-९ स्थित फराज इन्टरनेसनल ओभरसिज प्रालिमार्फत २३ महिनाअघि साउदीको यान्बुमा रहेको इलाइट सपोर्टिङ कम्पनी एलएलसीमा कामका लागि आएका पृष्ठ २ मा

# विश्वविद्यालयहरू नै गर्दैनन् लेखापरीक्षण

आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ मा त्रिभुवन विश्वविद्यालयको कुनै पनि बेरुजु सम्परीक्षणबाट फर्स्योट हुन सकेको छैन । सम्परीक्षण नहुँदा एकातिर बेरुजु बढ्दै गएको छ भने अर्कोतिर विश्वविद्यालयसमेत लेखापरीक्षण, सम्परीक्षण गर्दैनन् भनेर प्रश्न उठ्न थालेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ साउन

नेपालमा विश्वविद्यालयहरूले नै लेखापरीक्षण नगर्ने गरेको पाइएको छ । महालेखा परीक्षक तोयम रायाका अनुसार कतिपय विश्वविद्यालयहरूले विगत ८/१० वर्षदेखि लेखापरीक्षण गरेका छैनन् ।

शुक्रबार प्रतिनिधि सभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा बेरुजुको आयतन उच्च भएका १० मन्त्रालयका सचिव र त्यसअन्तर्गतका विभागका प्रमुखसँग छलफल थियो । छलफलमा महालेखा परीक्षक राया पनि उपस्थित थिए ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको बेरुजुमाथिको छलफलका क्रममा महालेखा परीक्षक रायाले कतिपय विश्वविद्यालयहरूले विगत ८/१० वर्षदेखि लेखापरीक्षण नगरेको जानकारी दिएका हुन् ।

उनले भनेका छन्, 'कतिपय विश्वविद्यालयहरूले विगत ८/१० वर्षदेखि लेखापरीक्षण गरेका छैनन् ।' आगामी दिनमा विश्वविद्यालयसहित सबै इकाइहरूको अडिटलाई प्राथमिकतामा राख्न प्रतिनिधि सभाअन्तर्गतको सार्वजनिक लेखा समितिलाई रायाको आग्रह छ ।

रायाकाअनुसार संघीय निकायहरूको बेरुजु बढ्ने क्रम जारी छ । यसमा पनि सरकार गम्भीर बन्न आवश्यक छ । बेरुजुलाई घटाउन प्रभावकारी कार्ययोजना बनाएर लाग्नुपर्ने आवश्यकता औंल्याउँदै रायाले सरकार नै गम्भीर बन्नुपर्नेमा जोड दिए ।

उनकाअनुसार १० वटा मन्त्रालयको ९१ प्रतिशत बेरुजु छ । यो राम्रो विषय पृष्ठ २ मा



कतिपय विश्वविद्यालयहरूले विगत ८/१० वर्षदेखि लेखापरीक्षण गरेका छैनन् ।

**तोयम राया**
महालेखा परीक्षक



भ्रष्टाचार र बेरुजु फरक कुरा हुन् । बेरुजु फर्स्योटलाई कानुनी र व्यावहारिक रूपमा सहज बनाउनुपर्नेहुन्छ ।

**गोकुल बास्कोटा**
सांसद, नेकपा एमाले

# इन्टरनेटको पहुँच मानव अधिकारको विषय : मन्त्री गुरुङ

**काठमाडौं/मस**–सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सबै नागरिकले इन्टरनेट प्राप्त गर्न सक्ने व्यवस्था गर्नु मानव अधिकारको विषय भएको बताएका छन् । विश्व आदिवासी जनजाति दिवसको अवसरमा काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री गुरुङले इन्टरनेटको पहुँच सबैले प्राप्त गर्न सक्ने बनाउनुपर्नेमा जोड दिए । उनले इन्टरनेट पहुँचको विषयलाई संयुक्त राष्ट्रसंघले सन् २०१६ मा नै मानव अधिकार र मौलिक अधिकारको रूपमा पास गरिसकेको उल्लेख गरे ।

नेपाल सरकारले टेलिकमको पहुँचबाट देशको एउटा पनि घर छुट्न नदिने नीति बनाएको उनले बताए ।



अहिलेलाई नेपालभर फोरजीको पहुँच पुर्‍याउने र चालु आर्थिक वर्षमै काठमाडौं र पोखरा शहरमा फाइभजी सेवा सुरु गर्ने गरी सरकारले काम गरिरहेको जानकारी उनले दिए ।

मन्त्री गुरुङले भने, 'अब इन्टरनेट एक्सेस मानव अधिकारको कुरा भइसकेको छ । सन् २०१६ मा संयुक्त राष्ट्रसंघले त्यो पास गरेको छ । हाम्रो संविधान त सन् २०१५ मै बन्यो, नेपालको संविधानले त्यो लिँदैन। तर अब इन्टरनेटको पहुँच हाम्रो मानव अधिकार, मौलिक अधिकारको कुरा हो । खानेपानी, बासको अधिकार, गाँसको अधिकार भनेको जस्तै हो । त्यसकारण नेपाल सरकारले टेलिकमको पहुँचबाट नेपालको एउटा पनि घर छुट्नु हुँदैन भनेको छ । हरेक घरमा, पालिकामा, हरेक वडामा पुग्नुपर्छ, ताकि त्यहाँ इ-गभर्नेन्सको अभ्यास गर्न सकियोस् । अहिलेलाई नेपालभर नै फोरजी एक्सेस पुर्‍याउने, फाइभजी टेक्नोलोजी प्रयोग नगरिए एआईको सही प्रयोग हुनै सक्दैन। अहिलेको फोरजी भन्दा दोब्बर फास्ट हुन्छ । फाइभजी टेक्नोलोजी यस वर्ष हामी काठमाडौं र पोखरा शहरमा प्रयोगमा ल्याउँदैछौं । अर्को पटक अरु शहरमा लैजान्छौं ।' उनले सबै नेपालीले इन्टरनेट प्रयोग गर्न सक्ने वातावरण निर्माण गर्नु आजको सरकारको दायित्व भएको पनि स्पष्ट पारे ।

# सरकारलाई नागरिकको चियो गर्ने अधिकार छैन : महामन्त्री शर्मा

**काठमाडौं/मस**–नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले नागरिकको चियो गर्ने अधिकार सरकारलाई नभएको बताएका छन् ।

सरकारले 'राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को मस्यौदा सार्वजनिक भएपछि विरोध हुन थालेको छ । महामन्त्री शर्माले नागरिकमाथि शंका गर्दै आँगनसम्म पुग्ने अधिकार भएपनि ओछ्यानमा नै पुगेर अनुसन्धान गर्ने अधिकार सरकारसँग नभएको टिप्पणी गरे ।

उनले व्यक्तिको फोन संवाद सुन्नु, रेकर्ड गर्नु भनेको व्यक्तिको गोपनीयताको हकको सरकारले नै हनन गर्ने अवस्था भएको बताए । नागरिकलाई सुरक्षा दिन्छु भन्ने सरकारले निगरानी गर्ने वद्नियत



राख्ने अवस्था बनाउनु निन्दनीय रहेको उनको तर्क छ । नेपालमा कानुनको दुरुपयोग, अपव्याख्या धेरै हुने हुँदा यस्ता कानुनहरु सत्ता र शक्तिमा बस्नेहरुले आफूअनुकुल प्रयोग गर्ने जोखिम रहेको महामन्त्री थापाको भनाइ छ । उनले सरकारले जनतालाई स्पष्ट रुपमा भनेर मात्र यस्ता कानुनहरु निर्माण गर्नुपर्ने बताए । महामन्त्री शर्माले २०७६ केपी शर्मा ओली नै प्रधानमन्त्री भएको समयमा यस्तै कानुन ल्याउन खोज्दा धेरै विरोध भएपछि अगाडि बढ्न नसकेको उल्लेख गर्दै अहिले पनि सोही व्यक्ति प्रधानमन्त्री हुँदा ल्याउन खोज्दा शंकाको दृष्टिले हेर्नुपर्ने आवश्यकता रहेको पनि बताए ।

उनले भने, 'यस विधेयकमा मैले दिने प्रथम प्रतिक्रिया के हो भने यो विधेयक नागरिकको आफ्नो स्वतन्त्र ढंगले व्यवहार गर्ने विषयमा दुरुपयोग हुने र व्यक्तिगत स्वतन्त्रता हनन गर्ने, व्यक्तिगत स्वतन्त्रतामा सरकारले हस्तक्षेप गर्ने, गर्लफ्रेण्ड र ब्वाईफ्रेण्डको कुराकानीसम्म पनि सरकारले पहुँच देखियो । नेपालको संविधानले दिएको गोपनीयताको हक बमोजिम त दुरुपयोग हुनसक्ने अवस्था देखियो नि । यसमा सबैको ध्यानाकर्षण हुनुपर्छ । विधेयकका दफा र उपदफामा आएका कुराहरुमा सरकारको अभीष्ट के हो ? क्लियर गर्नुपर्छ । अहिले बच्चाको सम्बन्धमा कानुन बनाउँदा बहुपविवाहसँग सम्बन्धीत कानुन भेर अनर्थ गयो नि त । अब यसले थप जाने हो । त्यसैले यस विधेयकका सम्बन्धमा पार्टीको धारण के हो भने २०७६ सालमा यस्तै कानुन प्रस्तावित हुँदै गर्दा विरोध गर्दा बोलेको थिएँ । अहिले फेरी त्यही चिजलाई नयाँ कागजमा टाइप गरेर प्रश्तावित गरेको छ । यसमा गम्भीर पुर्नविचार गर्नुपर्छ । संविधान प्रतिकुल व्यक्तिगत स्वतन्त्रतामा हस्तक्षेप पुग्नेगरी सरकारले गर्ने कार्य बिल्कुलै स्वीकार्य हुँदैन ।

### शालिन...

आफ्नो कार्यकाल पश्चात संस्थापन समुहबाट कसलाई सभापति अघि सार्ने भन्ने संकेत कुनैपनि नेतालाई दिएका छैनन् । देउवाको मौनता तोड्दै आफ्नो समुहको नेता कसलाई बनाउने भन्ने बचन बद्धता गराउन सिटौलासहित प्रकाशमा सिंह, डा शशांक कोइराला, विमलेन्द्र निधी, वियजकुमार गच्छेदार, गोपालमान श्रेष्ठ र डा. प्रकाशशरण महतले निरन्तर प्रयास गरिरहेका छन् । तर, आफू प्रधानमन्त्री भएपछि मात्रै पार्टीको महाधिवेशन गर्ने योजनाकासाथ मौन रहेका देउवालाई अहिले नै कुनै एक नेतालाई बचन दिँदा अरू नेताहरू टाढीने भय छ । देउवाको आर्शिवाद पाएर आगामी नेतृत्वमा पुने आशा बोकेर हिडेका छन् । यी मध्य नेतृत्वका लागी देउवा समुहबाट सबै भन्दा बलियो र सबै नेताहरूलाई मिलाएर लानसक्ने क्षमता सिटौलाले नै राख्छन् । १५औं महाधिवेशनमा सभापतिको तयारीसहित देश दौडाहामा रहेका डा.शेखर कोइरालाको जस्तै सिटौलाले सार्वजनीकरूपमा आफै सभापति उठ्ने घोषणा गरेका छैनन् । यद्यपी उनी पर्दा पछाडी बसेर सभापतिको पूर्ण तयारीमा रहेको उनी निकटका नेताहरूले बताएका छन् । यसअघि सिटौलाले निवासमै बोलाएर आफ्ना समुहका नेताहरूसँग छलफल चलाएका थिए। छलफलमा केन्द्रीय सदस्यहरू शिवप्रसाद हुमागाईं, कुन्दन काफ्ले, कोशी प्रदेश मन्त्री भूपेन्द्र राई, पूर्वमन्त्री भीमसेनदास प्रधान, बागमती प्रदेश महामन्त्री राजु श्रेष्ठ, गण्डकी प्रदेश सांसद जित शेरचन र तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जनलगायत नेताहरू सहभागी थिए ।

छलफलले संस्थापन पक्षका राजनीतिक गतिविधि प्रभावकारी ढंगले अघि बढाउनुपर्ने र महाधिवेशन केन्द्रित गतिविधिलाई पनि सँगै लाने विषयमा विषयमा छलफल हुने गरेको सिटौला निकट मानिएका नेपाली कांग्रेसका केन्द्रीय सदस्य कुन्दनराज काफ्लेले बताए । सिटौलाकै अग्रसरतामा पार्टी संस्थापन समूहको भेलाको हुँदै आएको छ । सिटौलाकै पहलमा दसौं महाधिवेशनदेखि देउवालाई निरन्तर सहयोग गर्दै आइरहेका पूर्वपदाधिकारीदेखि वर्तमान पदाधिकारी र केन्द्रीय सदस्यको देउवानिवासमा जमघट भएको थियो ।

लामो समय मौन रहेपनि पार्टीभित्र १५औं महाधिवेशनको तयारी बढ्दै गर्दा नयाँ भूमिकासहित सक्रियता बढाएका सिटौलालाई पछिल्लो पटक पार्टीले संविधान संशोधनका लागी आवश्यक छलफल र समन्वय गर्न संयोजकको भूमिका दिने तयारी नै गरेको छ । उनले उक्त जिम्मेवारी पाए आगामी पार्टी नेतृत्वकालागी देउवाका दाहिना हुनसक्ने नेताहरूले आंकलन गरेका छन् । कांग्रेसमा देउवापछि योगदान र सबैलाई समेटेर जान सक्ने पात्रका रूपमा नेता सिटौलालाई हेरिन्छ । सिटौला कांग्रेसको आन्तरिक र अन्य दलसँग समेत समन्वय गर्न सक्ने स्वीकार्य पात्रका रूपमा हेरिन्छन् ।

नेपालको शान्ति प्रक्रियामा उनको महत्वपूर्ण भूमिका छ । १२औं महाधिवेशनपछि तत्कालीन सभापति सुशील कोइरालाले सिटौलालाई कांग्रेसको महामन्त्री मनोनीत गरेका थिए । त्यसपछि भने उनी पार्टीको पदाधिकारीको जिम्मेवारीमा गएका छैनन् । तर, कांग्रेसमा तेस्रो धारका रूपमा सिटौलाले पार्टीमा पकड राख्दै आएका थिए । अहिले देउवा समुहमा पूर्णबहादुर खड्का, कृष्ण सिटौला, शशांक कोइराल, प्रकाशमान सिंह, विमलेन्द्र निधी, गोपालमान श्रेष्ठ मध्य उत्तराधिकारी को बन्ने भन्ने लडाइ चलिरहको छ ।

संस्थापन इतर समुहमा पनि डा. शेखर कोइराला १५औं सभापतिका लागी लागेका छन भने उनको समुहका महामन्त्री गगन थापा कोइरालालाई छाडेर आफै सभापतिको उम्मेदवार बन्नेगरी आन्तरिक तयारीमा लागेका छन् । पार्टीभित्रको राजनीतिक सक्रियता बढाएका नेता सिटौलाले संस्थापन समूहका नेता एकीकृत गर्नेदेखि आफ्नो पुरानो समूहका नेतासहित इतर समुहबाट समेत नेताहरू तानेर आगामी नेतृत्वका लागी आफ्नो पक्षमा बलियो आधार तयार गर्ने योजनामा छन् ।

### कारागारको...

प्रशासनकाअनुसार कारागारभित्र ब्लक 'ए' मा बस्ने र ब्लक 'बी' मा बस्ने कैदीबन्दीबीच झडप हुँदा वातावरण अशान्त बनेको हो ।

कारागारमा यसअघि पनि पटक-पटक झडपका घटना भएका छन् । बाल सुधारगृहमा झडपका घटना अझ ज्यादा भएका छन् । तर, सरकारले गम्भीर रुपमा लिएर योजना नबनाउँदा असुरक्षा कम हुन नसकेको हो । ५ भदौ २०८० मा भक्तपुरको सुधारगृहमा झडप भएको थियो । त्यसबेला मूल गेट नै तोडेर बन्दीहरू बाहिर निस्किएका थिए । हातमा हतियारसहित बन्दीहरू सडकमा पुगेका थिए ।

२६ भदौ २०८० मा वीरगञ्जको विर्तास्थित बाल सुधारगृहमा, ४ असोज २०८० मा बाँकेको डुडुवास्थित जयेन्दु सुधारगृहमा झडप भएको थियो । १४ पुस २०७९ मा बाँकेको सुधारगृहमा झडप भएको थियो भने बाँकेको सुधारगृहमा २०७९ माघ अन्तिम साता आगजनी भएको थियो । फेरि कैलाली करागारमा झडपको घटना दोहोरिएको हो ।

कैलाली कारागारमा एक जनाको मृत्यु हुनेगरी भएको झडपबारे छानबिन गर्न सरकारले छानबिन समिति नै बनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भएको हो । समितिमा नेपाल प्रहरीका डीएसपी राजकुमार सिंह, सशस्त्र प्रहरीका डीएसपी जनकराज पन्त, अनुसन्धान अधिकृत दीपेन्द्र सिंह सदस्य र जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शिवराज जोशी सदस्य सचिव रहेका छन् ।

समितिलाई १० दिनभित्र प्रतिवेदन दिन भनिएको छ । मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयका अनुसार कैलाली कारागारमा भएको घटना फितलो सुरक्षाको परिणाम हो । यसलाई आयोगले गम्भीर लापरबाही भनेको छ ।

मानव अधिकार आयोगको टोलीले कारागार कार्यालयको निरीक्षण गरेपछि फितलो सुरक्षाका कारण कारागारभित्र हिंसात्मक घटना हुन पुगेको बताएको हो ।

मानव अधिकार आयोग धनगढीका प्रमुख प्रकाशदत्त भट्टको नेतेत्वमा कारागारको निरीक्षण भएको थियो । त्यसपछि आयोगले फितलो सुरक्षाको कारणले कैलाली कारागारमा एक जनाको मृत्यु हुनेगरी झडप हुने परिस्थिति बनेको बताएको छ । यसका अलावा क्षमता भन्दा बढि कैदीबन्दी रहनु र कैदीबन्दीको स्थान्तरण पारदर्शी हिसाबले नहुनुलाई पनि आयोगले गम्भीर रुपमा लिनुपर्ने बताएको छ ।

### मलेसियाले...

गरिनुपर्ने बताएको छ । जुलाई २८ मा प्रकाशित मलेसियाली संसद्को सार्वजनिक लेखा समितिको प्रतिवेदनमा गृह मन्त्रालयले विदेशी कामदारको लेबी न्यूनतम ३ देखि ५ सय रिंगेट लिने विचार गरिरहेको उल्लेख छ । लेबीलाई विदेशी कामदार व्यवस्थापनका लागि सरकारले गरेको लागत पूर्ति गर्ने धेरै माध्यमहरूमध्ये एक माध्यम भएको बताएको छ । हाल मलेसियामा न्यूनतम १७ सय रिंगेट तलब कार्यान्वयनमा छ ।

### साउदीको....

११ नेपाली कम्पनी बन्द भई अफिसियल प्रतिनिधि सम्पर्कविहीन भएपछि चार महिनादेखि अलपत्र परेका छन् । पीडितहरूका अनुसार इकामा (काम गर्ने अनुमति पत्र)को म्याद सकिएको आठ महिना भइसकेको छ । 'प्रहरीले समाते पनि पुनः छाडिदिन्छ, बसोबासको भवनमा बिजुलीसमेत छैन । सिरहाका लव शाहाले भने, 'नेपाल फर्किन पाएको भए हुन्थ्यो, यहाँ अत्यन्तै कठिन छ ।'

पीडितले नेपालस्थित म्यानपावर कम्पनीमा कुरा गर्दा 'भागेर काम गर' भन्ने सुझाव मात्र पाएका छन् । जेद्दास्थित महावाणिज्यदूतावासले यसलाई नेपाली दूतावास रियादको क्षेत्राधिकारमा पर्ने भन्दै त्यहाँ सम्पर्क गर्न भनेको, तर दूतावासमा सम्पर्क गर्दा फोन रिसिभ नहुने गुनासो गरेका छन् । यसरी अलपत्र पर्नेहरूमा रुपन्देहीका रेजिन गुरुङ, बागलुङका छमबहादुर राना, सिरहाका सन्तोष यादव, लव साह, कुश साह, कमल सडाइ, विनोद महरा र उमेश सहानी, सुनसरीका आकाश कुमार चौधरी र राहुल कुमार चौधरी तथा बाँकेका राम धिरज बर्मा रहेका छन् ।

यसबारे फराज इन्टरनेसनलका सञ्चालक झविन्द्रप्रसाद बन्जाडेसँग सम्पर्क राख्दा दूतावाससँग समन्वय गरेर कामदारहरूको समस्या समाधानको प्रयास भइरहेको जानकारी दिए । 'अब करार अवधि सकिएका कामदारहरुलाई बाँकी तलब दिलाएर नेपाल फर्काउने हाम्रो प्रयास भइरहेको छ', बन्जाडेले मध्यान्हसँग भने, 'यसका लागि हामी निरन्तर कामदार र दूतावाससँग निरन्तर सम्पर्कमा छौं ।'

यसैबीच, नेपाली सेवा समिति यान्बु, साउदी अरबले ८ अगस्ट शुक्रबारका दिन राहत सामग्री सहयोग गरेको छ । समिति अध्यक्ष धनबहादुर गुरुङको नेतृत्वमा पुगेको टोलीले पीडितको अवस्थाबारे जानकारी लिँदै तत्कालका लागि दनेश खड्का, पदम उप्रेती, सन्जु बिकमार्फत ४० केजी चामल, १० केजी आलु, ५ लिटर तेल, १० केजी चिकेन, ८ केजी प्याज, ३ डब्बा नुन, ५ केजी चिनी, ५०० पिस चियापत्ति, १० केजी सर्फ, १२ वटा साबुन, ४ वटा टुथपेस्ट हस्तान्तरण गरेको हो । साथै दुर्गा सारु मगरले २०० साउदी रियल र रेशम आले मगरले १०० साउदी रियल नगद सहयोग गरेका छन् ।समितिले आवश्यक परे थप राहत सामग्री उपलब्ध गराउने र सम्बन्धित निकायमा समस्या समाधानका लागि पहल गर्ने आश्वासन दिएको छ । साथै साउदीमा क्रियाशील विभिन्न संघ-संस्था तथा व्यक्तिहरूलाई सहयोग गर्न अपिल गरिएको छ ।

### विश्वविद्यालयहरू...

नभएको भन्दै महालेखा परीक्षक रायाले बेरुजुलाई शून्यमा झार्ने गरी कामकारबाही अघि बढाउनुपर्नेमा जोड दिए ।

शैक्षिक सत्र २०८१/८२ मा त्रिभुवन विश्वविद्यालयको बेरुजु २८ अर्ब ३२ करोड १६ लाख ३९ हजार छ । जबकि उक्त शैक्षिक सत्रमा त्रिभुवन विश्वविद्यालयको बजेट २६ अर्ब १६ करोड ८७ लाख छ । त्रिभुवन विश्वविद्यालयको बेरुजु विगतदेखि नै रहँदै आएको छ । महालेखा परीक्षकको ५७औं वार्षिक प्रतिवेदनमा त्रिभुवन विश्वविद्यालयको बेरुजु २८ अर्ब ६७ करोड १९ लाख ४९ हजार देखिएको थियो । बेरुजु अत्यधिक रहेको भनेर आलोचना भएपछि त्रिविले रणनीतिक रूपमा बेरुजु घटाउने योजना बनायो र कार्यान्वयन गर्‍यो । परिणाममा ५८औं प्रतिवेदनमा बेरुजु घटेर २४ अर्ब २६ करोड ८७ लाख ८५ हजारमा पुग्यो । तर, अर्का वर्ष फेरि बेरुजु बढ्यो । महालेखाको ५९औं प्रतिवेदनमा त्रिभुवन विश्वविद्यालयको बेरुजु २६ अर्ब ६८ करोड ३९ लाख ५१ हजार रहेको छ । ६०औं प्रतिवेदनमा बेरुजु २६ अर्ब ४९ करोड ५१ लाख १० हजार रहेको छ । पछिल्लो ६१औं वार्षिक प्रतिवेदनअनुसार त्रिभुवन विश्वविद्यालयको बेरुजु २८ अर्ब ३२ करोड १६ लाख ३९ हजार छ । यसप्रति व्यंग्य गर्दै संसद्मा समेत प्रश्न उठ्ने गरेको छ ।

त्रिभुवन विश्वविद्यालयका अधिकारीहरूका अनुसार कार्यकारी परिषद्ले यसअघि ६ अर्ब बेरुजु सम्परीक्षणका लागि महालेखालाई विवरण पठाइएको थियो । तर, महालेखाले ऐन संशोधन गर्नुपर्ने राय दियो । परिणाममा सम्परीक्षण स्थगित भयो । यस कारणले आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ मा त्रिभुवन विश्वविद्यालयको कुनै पनि बेरुजु सम्परीक्षणबाट फर्स्योट हुन सकेको छैन । सम्परीक्षण नहुँदा एकातिर बेरुजु बढ्दै गएको छ भने अर्कोतिर विश्वविद्यालयहरू लेखापरीक्षण, सम्परीक्षणबाट गर्दैनन् भनेर संसद् र सार्वजनिक कार्यक्रमहरूमा समेत प्रश्न उठ्न थालेको हो ।

नेकपा एमालेका सांसद गोकुल बास्कोटा सबै बेरुजुलाई भ्रष्टाचार भनेर आलोचना गर्न नहुने बताउँछन् । विगत कोट्याएर बस्नुभन्दा अगाडि देखिएका चुनौतीका चाङहरूलाई कसरी समाधान गर्ने ? भन्नेतिर ध्यान दिनुपर्ने उनको आग्रह छ । 'भ्रष्टाचार र बेरुजु फरक कुरा हुन्,' सार्वजनिक लेखा समितिको बैठकमा सांसद बास्कोटाले भनेका छन्, 'बेरुजु फर्स्योटलाई कानुनी र व्यावहारिक रूपमा सहज बनाउनुपर्नेहुन्छ ।' बेरुजु फर्स्योटलाई कानुनी र व्यावहारिक रूपमा सहज बनाए वातावरण सहज बन्दै जाने उनको विश्वास छ ।

# एनआरएनए मलेसियाका उपाध्यक्ष अधिकारीद्वारा श्रममन्त्री भण्डारीसँग भेट

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, २४ साउन

गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाका उपाध्यक्ष नारायण अधिकारीले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग भेट गरेका छन् । भेटका अवसरमा उनीहरूबीच मलेसियामा रहेका नेपाली श्रमिकहरूका समस्या र गुनासाबारे छलफल भएको थियो ।

भेटका क्रममा अधिकारीले मलेसियामा कार्यरत नेपाली श्रमिकहरूले भोगिरहेका समस्या, सम्झौता विपरीतको काम, स्वास्थ्य बीमा अभाव र आपतकालीन सहयोगमा ढिलाइजस्ता विषयहरू उठाउँदै नेपाल सरकारलाई मलेसिया सरकारसँग वार्ता गरी ती



समस्याको दीर्घकालीन समाधान गर्न आग्रह गरे ।

अधिकारीले उठाएका विषयहरू गम्भीर रहेको भन्दै श्रममन्त्री भण्डारीले आफ्नो ध्यानाकर्षण भएको बताए । मन्त्री भण्डारीले श्रमजीवी कामदार हरूका मुद्दा समाधानमा प्रतिबद्ध भएर काम गर्न कूटनैतिक पहल गर्ने जनाउँदै सुधारका कदमहरू चालिने बताए । यस भेटले मलेसियामा रहेका हजारौं नेपाली श्रमिकको आवाज नीतिगत तहसम्म पुर्‍याउन सहयोग पुगेको एनआरएनए मलेसियाले जनाएको छ ।

# दुबईका सफल व्यवसायी ठक्कर कार्की कतारमा सम्मानित

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २४ साउन

दुबईमा रहेर आफ्नो सौन्दर्य उत्पादक कम्पनी चलाइरहेका म्याग्दीका ठक्कर बहादुर कार्की (प्रकाश) मोना कतारद्वारा सम्मानित भएका छन् ।

आफ्ना कम्पनी उजोवा, बिउटी क्लिनिक र निशा ब्रान्डलाई स्थापित गर्न कतार आइपुगेका सफल व्यवसायी तथा मोना दुबईका संरक्षक कार्कीलाई शुक्रबार साँझ मोना कतार र मोना कतार बहुउद्देश्यीय अक्षयकोषले संयुक्त रूपमा मायाको चिनो र दोसल्ला ओढाएर सम्मान गरेको हो ।

सम्मान ग्रहणपछि बोल्दै कार्कीले विश्वभर रहेकामध्ये मोना कतार उत्कृष्ट रहेको बताउँदै मोनाको अन्तर्राष्ट्रिय समिति हाक्ने तहसम्म पुग्ने बेला आएको बताए ।

मध्यपूर्वले एकपटक नेतृत्व लिन अगाडि बढ्नुपर्ने बताउँदै कार्कीले अबको अन्तर्राष्ट्रिय महाधिवेशन मार्फत केही नयाँ अनुहार संस्थामा उदाउन सक्ने संकेत गरे । उनले संस्था, विधि र विधानमा चल्ने हुँदा त अर्को पटक नेतृत्व गर्लास् भनेर कसैलेपनि सम्झौता गर्न नहुने धारणा राखे ।

आफू मोना रहेका थुप्रै देशमा पनि व्यवसायिक सिलसिलामा



पुग्दा कहिल्यै मोना कतारले झैं न्यानो आतिथ्यता नदिएको अनुभव हुँदा यो माया आफूले जीवन्त राख्ने बताए । मोना कतार अक्षय कोषको श्रीवृद्धिका लागि आफूले सक्ने सहयोग गर्न तयार रहेपनि कोषले उत्पादक मूलक काम गर्नुपर्ने उनले बताए ।

वरिष्ठ उपाध्यक्ष देवी कँडेलले स्वागत मन्तव्य राखेको कार्यक्रममा बोल्दै मोना कतारका संरक्षक तथा अक्षय कोषका अध्यक्ष विक्रम कार्कीले परोपकारी र अतिनै आवश्यक वर्गसम्म सहयोग पुर्‍याउन अक्षयकोषको स्थापना गरिएको बताए । मोना आइइसीका कोषाध्यक्ष नरेन्द्र फगामीको प्रमुख आतिथ्यता तथा मोना कतारका अध्यक्ष बाबुराम भण्डारीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्दै फगामीले दुबईबाट सुरु गरेर विश्वभर आफ्ना उत्पादन पुर्‍याउन सफल भएकोमा व्यवसायी कार्कीलाई बधाइ दिए । उनले कम्पनिले म्याग्देलीहरुलाई खास सपोर्ट गर्न आग्रह समेत गरे ।

महासचिव शिव खड्काले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भण्डारीले सँगै पढेको साथीको सफलताले आफूलाई समेत खुसी दिएको बताउँदै कतार भ्रमण सफल रहोस् भन्ने कामना गरे । सम्मान कार्यक्रममा मोना कतारको संरक्षक रमेश पौडेल लयागतले शुभकामना मन्तव्य राखेका थिए ।

# दम्माममा करिब ३ सय नेपालीलाई नयाँ राहदानी वितरण

**अन्जान गुभाजु/मध्यान्ह**
दम्माम, साउदी अरेबिया, २४ साउन

नेपालीहरूको बाक्लो उपस्थिति रहेको साउदी अरेबियाको पूर्वी क्षेत्र दम्मामस्थित नेपाली दूतावासले राहदानी वितरण कार्यक्रम सम्पन्न गरेको छ । यस कार्यक्रममा जुलाई २४ सम्म राहदानी नवीकरणका लागि आवेदन दिएका २९० नेपालीलाई नयाँ राहदानी वितरण गरिएको छ । शुक्रबार दम्मामको सिको गार्डेनस्थित एभरेस्ट नेपाली रेष्टुरेन्टको हलमा आयोजना गरिएको यस कार्यक्रमबाट दम्माम, जुबेल, अलहासा, खोबर,



कतिफलगायत क्षेत्रमा कार्यरत नेपाली श्रमिकहरूले सहजरूपमा राहदानी प्राप्त गरेका छन् ।

दूतावासका पूर्वी क्षेत्रका स्थानीय अधिकारी नारायण पासवानले यस सेवाले पूर्वी क्षेत्रका नेपाली श्रमिकहरूको र ाहदानी नवीकरण प्रक्रियालाई झन्झटमुक्त र पहुँचयोग्य बनाउने उद्देश्य राखेको बताए ।

राहदानी वितरण कार्यक्रम पासवानको नेतृत्वमा स्थानीय कर्मचारी अजगर अली, विभिन्न संघसंस्थाका प्रतिनिधि र सामाजिक व्यक्तित्वहरूको सहयोगमा सम्पन्न भएको थियो ।

## साउदीमा रोजगार

कम्पनी: Saudi Manpower Solutions Co. शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०४/२३ चलानी नं.: ६०२४२६६६ L.T. No.: 328849

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WORKSHOP WORKER | 29 | 0 | स. काममा दक्ष | 1000 | ३७,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १ गते (17 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

## युएईमा रोजगार

कम्पनी: Capriole Construction Co LLC शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०४/२३ चलानी नं.: ६०२४२६५९ LT. No.: 328764

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 100 | 0 | | 1200 | ४५,७३२ | | | | | | | |
| 3. | Mason/Tile Worker | 35 | 0 | | 1500 | ५७,१६५ | | | | | | | |
| 4. | Steal Fixer | 30 | 0 | | 1500 | ५७,१६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १ गते (17 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MITHILA INTERNATIONAL SERVICE PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Mobile : 9851024839 | 9841494792 | 9813990210 | 9813828296
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com

# ‘सरकार एक्लैले निःशुल्क स्वास्थ्य र शिक्षा दिन सक्दैन’



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरकारले एक्लैले मात्र निःशुल्क स्वास्थ्य र शिक्षा उपलब्ध गराउन नसक्ने स्पष्ट पारेका छन्।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पौडेलले शिक्षा र स्वास्थ्य क्षेत्रमा सामुदायिक योगदानको आवश्यकता औंल्याए।

उनले राज्यको शिक्षा र स्वास्थ्यमा गर्ने लगानी धेरै कम रहेको र अहिलेको अवस्थाले धेरै लगानी गर्न सक्ने स्थिति पनि नरहेको बताए। यसका लागि योगदान दिन सक्ने नागरिकलाई शिक्षा र स्वास्थ्यसँग जोड्न जरुरी रहेको उनको भनाइ छ।

मन्त्री पौडेलले भने,‘शिक्षा र स्वास्थ्यमा सामुदायिक योगदान आवश्यक छ। सरकार मात्रैले निःशुल्क स्वास्थ्य वा निःशुल्क शिक्षा उपलब्ध गराउन सक्ने स्थिति छैन। खासगरी राज्यले आज जति लगानी गरेको छ, त्यो असाध्यै थोरै छ। राज्यको लगानी धेरै गर्न सक्ने खालको पनि छैन। योगदान पुऱ्याउन सक्ने नागरिकलाई शिक्षा र स्वास्थ्यमा जोड्न जरुरी छ। यसलाई व्यवस्थित ढंगबाट अघि बढाउन आवश्यक छ। शहरी क्षेत्रमा जेनतेन नागरिकले शिक्षा र स्वास्थ्यलाई गुणस्तरीय ढंगबाट प्राप्त गर्न सक्ने स्थिति बनेको छ। तर ग्रामीण क्षेत्रमा जस्तो छ, त्यसको विकल्पको स्थिति बनेको छैन।’ उनले विशेषगरी ग्रामीण क्षेत्रलाई ध्यानमा राखी विद्यालय र स्वास्थ्य संस्थाहरू आफ्नै लगानीमा खोल्न जरुरी रहेको उल्लेख गरे।

# कांग्रेस–एमालेबीच प्रदेश सरकारलाई थप प्रभावकारी बनाउने सहमति



सुर्खेत/मस-कर्णाली प्रदेश सरकारमा सत्ता साझेदार नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसबीच वर्तमान सरकारलाई थप बलियो र प्रभावकारी बनाउने सहमति भएको छ।

दुई दल सम्मिलित प्रदेशस्तरीय संयन्त्रको शनिबार सम्पन्न बैठकले सरकार सञ्चालन, बजेट कार्यान्वयन र प्रदेश सरकारअन्तर्गत खाली रहेका विभिन्न नियुक्तिका सन्दर्भमा छलफल गरी  गठबन्धनको मर्मअनुरुप अघि बढ्ने निष्कर्ष निकालेको एमालेका प्रदेश अध्यक्ष गुलाबजङ्ग शाहले जानकारी दिए। उनले एक वर्षमा सरकारले गरेका कामकारबाहीको समीक्षासँगै सरकारलाई थप प्रभावकारी बनाउने विषयमा साझा धारणा तय भएको बताए। कांग्रेस-एमालेबीच सत्ता साझेदारीमा खटपट भएको भनी गरिएको प्रचारमा सत्यता नरहेको भन्दै अध्यक्ष शाहले दुई दलबीच सरकारलाई थप प्रभावकारी बनाएर लैजाने सहमति भएको बताए।

‘सत्ता गठबन्धनमा खटपट भएको भनेर खरब आइरहेका छन्, ती सत्य होइनन्। बैठकले सबै कुराको समीक्षा गर्दै सरकारका काम थप प्रभावकारी बनाउने, खाली रहेका निकायमा तत्काल नियुक्त गर्नेलगायत विषयमा साझा धारणा तय गरेको छ’, उनले भने। बैठकमा मुख्यमन्त्री यामलाल कँडेल, कांग्रेस कर्णाली प्रदेश सभापति ललितजङ्ग शाही, कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही, एमाले कर्णाली प्रदेश इन्चार्ज गोरख बोगटी र अध्यक्ष शाहलगायत सहभागी थिए।

# अधिया खेतीमै निर्भर छ भूमिहीन परिवार



**कञ्चनपुर/मस-**शुक्लाफाँटा नगरपालिका-८ नौखरीका कान्छा चौधरी बिहान सबेरै हलो बोकेर निस्कन्छन्, तर त्यो हलो उनी आफ्नै खेत जोत्न होइन। छिमेकीको अधिया-बटैयामा बनाएको खेत बारी जोत्नका लागि हो। उनीसँग घरवासका लागि मात्रै जग्गा छ। त्यस जग्गाले परिवारको वर्षभरिको खानाको जोहो नहुने भएपछि अधिया-बटैयामा जग्गा कमाउँदै आएका छन्। उनीजस्तै अधिया-बटैयामा खेती गर्ने नगरपालिकामा दर्जनौंकिसान छन्।

जो जीविका चलाउनकै लागि अधिया अर्थात् बटैयामा खेती गर्दै आएका छन्। बटैयामा खेती गर्ने किसानले र जग्गाधनीले उत्पादन भएको अन्न आधा आधा बाँडेर लिने गरेका छन्। जसका लागि जग्गाधनीले जग्गासँगै सिँचाइका लागि पानी निःशुल्क रूपमा उपलब्ध गराउँछन्। अधिया लगाउनेले खेत जोत्छन्। खेती लगाऊ छन्, काट्छन्, बाली पाकेपछि भित्र्याउने जिम्मा पनि अधिया गर्नेकै हुने कान्छा बताउँछन्।

तर जोत्ने कार्यबाहेक थ्रेसिङ गर्दा लाग्ने खर्च, मलखाद, विषादी, बीउबिजन लगायतको खर्च अधिया बनाउने र जग्गा धनीले आधा-आधा बेर्होछन्। जग्गा थोरै हुँदा वर्षभरी खान नपुग्ने परिवारले अधिया खेती लगाउने गरेका छन्। अधिया खेती गर्ने कार्य भने धेरै वर्षअघिदेखि चल्दै आएको छ। अधियामा खेती गरेर जग्गाधनी र खेती लगाउने व्यक्ति गरी दुई परिवारको जीविका चल्ने गरेको कलेशु चौधरीले बताए। उनका अनुसार अधिया लगाउने जोताहा किसानलाई जग्गाधनीले पहिला घरको काममा पनि लगाउने गर्दथे। त्यसका लागि अधिया माग्न जाँदानै मौखिक रूपमा करार गर्नुपर्दथ्यो। बदलिँदो परिवेशअनुसार हाल अधिया लगाउने व्यक्तिले जग्गाधनीको घरायसी काम भने गर्नुपर्दैन। त्यो चलन हटेको छ। ‘कसैले स्वविवेकले कार्य गरे भने त्यो बेग्लै कुरा हो’, कलेशुले भने, ‘पुरानो चलन हटेको छ, मौखिक रूपमा विश्वासका आधारमा हाल काम हुने गरेको छ, अधियाँ लगाउने र जग्गाधनीबीच भने कुनै लिखित करार हुने गरेको छैन।’

जग्गाधनीले अधियाँ लगाउने किसानले खेती राम्ररी नलगाएबीचमै छुटाउने कार्य हुँदै आएको राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल सुदूरपश्चिम प्रदेश सचिव रामबहादुर चुँनाँराले बताए। त्यस कार्यले अधियामा जीविका चलाउने परिवार भने समस्यामा पर्ने गरेको उनी बताउँछन्।

मञ्चले सङकलन गरेको तथ्याङकअनुसार नगरपालिकामा खेती गर्ने जमिन थोरै छ। जमिनमा आश्रित जनसंख्या अत्यधिक छ। नगरपालिकाको कूल १६२ दशमलव ७५ वर्गकिलोमिटर क्षेत्रफलमध्ये केवल आठ दशमलव ४२ वर्ग किलोमिटर (५.१७ प्रतिशत) जमिन मात्रै खेतीयोग्य छ। बाँकी सबै क्षेत्रमा वन, बस्ती, सडक, खोलानाला, धार्मिक क्षेत्र र अन्य प्रयोगको जमिन रहेको छ।

नगरपालिकामा १२ हजार ५८ घरधुरीमध्ये ८२८ परिवारसँग अझैपनि आफ्नो नाममा जग्गा छैन। पुरुषको जग्गामा स्वामित्व ९४ प्रतिशत छ भने, महिलाको नाममा पाँच दशमलव आठ प्रतिशत जग्गाको स्वामित्व छ। लैङ्गिक समानताका चर्का कुरा गरिए पनि व्यवहारमा भने महिलाको सम्पत्ति माथिको अधिकार सीमित रहेको मञ्चका सचिव चुँनारा बताउँछन्।

उनका अनुसार भूमिहीनहरूमध्ये धेरैजसो दलित, सुकुम्बासी र आदिवासी जनजाति समुदायका व्यक्तिहरू रहेका छन्। जसले पुस्तौंदेखि अरूको जमिनमा अधियाँ जग्गा कमाउनका लागि पसिना बगाइरहेका छन्।

भूमि अधिकार मञ्चका अनुसार, हालसम्म नगरपालिकाबाट एघार हजार ८५४ अव्यवस्थित बसोबासी, २१५ भूमिहीन दलित र १४८ सुकुम्बासीले जग्गा स्वामित्वका लागि भूमिसम्बन्धी समस्या समाधान आयोगमा निवेदन दिएका छन्। निवेदन दिएकामध्ये केही वडाका अव्यवस्थित बसोबासीको जग्गा नाप जाँचको कार्य भएको छ भने केही हुने क्रममा रहेको छ। भूमिहीन दलित र सुकम्बासीले निवेदन दिए पनि कुनै पनि कार्य अगाडि बढ्न सकेको छैन।

जग्गामा खेती लगाए पनि बर्सेनि आउने बाढीले शुक्लाफाँटाका किसानलाई सास्ती दिने गरेको छ। बाढीकै कारण लगाइएको खेती डुबान र कटानका कारण प्रतिवर्ष प्रभावित हुने गरेको छ। जलवायु परिवर्तनको असरका कारण बेमौसमी वर्ष हुँदा खेती भित्र्याउन नपाउँदै कुनै वर्ष खेतमै धान, गहुँलगायतका बालीमा नोक्सानी बेहोर्नुपर्ने अवस्था रहने मञ्चका सुदूरपश्चिम अध्यक्ष नन्दादेवी जोशीले बताए।

उनका अनुसार अघिल्लो दुई वर्षमा मात्रै नगरपालिकाका आठभन्दा बढी परिवार बाढी र डुबानले प्रत्यक्ष प्रभावित भएका थिए।

जलवायु परिवर्तनको असरले वर्षा चक्र अनियमित बन्दा कहिले अति पानी, कहिले खडेरी हुन्छ। तापक्रमको वृद्धिसँगै नयाँ रोग र किराको प्रकोप फैलिएको छ। जसले नगदेबाली र तरकारी उत्पादनमा ठूलो असर परेको नगरपालिकाको कृषि शाखाका प्रमुख करनसिंह बुढाऐरले बताए।

पछिल्ला वर्षहरूमा केही उत्साही कृषकहरूले व्यावसायिक तरकारी खेती, फलफूल (केरा, आँप, लिची), नगदेबाली, कुखुरापालन र बङ्गुरपालनजस्ता मिश्रित खेती र पशुपालनलाई अँगाल्न थालेका छन्। तिनीहरूको सङ्ख्या भने थोरै रहेको छ।

# रोल्पाको जलजला दुर्लभ रङ्गीबिरङ्गी फूलहरूले ढाकियो

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २४ साउन



रोल्पाको जलजला समय अनुसार फरक-फरक दृश्य देखिने गर्दछ। जसअनुसार रोल्पाको जलजला दुर्लभ रङ्गीबिरङ्गी फूलहरूले यतिबेला ढाकिएको छ। जलजला रोल्पा जिल्लाको सुन्दर पहाड हो। हजारौं रोपनीमा फैलिएको जलजलालाई रोल्पा नगरपालिका, सुनछहरी गाउँपालिका र थवाङ गाउँपालिकाले घेरेको छ।

जलजला समुद्री सतहदेखि २ हजार २ सय मिटरदेखि ३ हजार ८ सय मिटर उचाइमा रहेको छ। जलजला पुग्न विभिन्न मार्गहरू प्रयोग गर्न सकिन्छ। हरेक वर्षको साउने पूर्णिमा अर्थात् जनैपूर्णिमाको अवसरमा जलजलामा भव्य पूजा लाग्ने गर्दछ। पूजामा जिल्लाभित्र मात्र नभइ छिमेकी जिल्ला रुकुम, सल्यान, प्युठान, दाङ र बागलुङ लगायत अन्य जिल्लाहरूबाट पनि पूजा गर्न र घुम्न आउने गरेको पाइन्छ। शनिबार पनि करिब ६ सयदेखि ८ सय जतिको साँडा र भेडाको बलि दिइएको जलजला पुजा तथा व्यवस्थापन समितिले जानकारी दिएको छ। जलजला नेपाल सरकारले तय गरेको भ्रमण वर्ष २०20 को एक सय गन्तव्यमा सुचीकृत भएको नयाँ गन्तव्य समेत मानिन्छ। सरकारले सन् २०20 मा २० लाख पर्यटक भित्र्याउने  लक्ष्यसहित भिजिट ट्वान्टी-ट्वान्टी अभियान नै शुरु गरेको थियो। जसमा रोल्पाको जलजला पनि समावेश भएको थियो। अहिले राष्ट्रिय प्रकृति संरक्षण कोषले पदमार्गमा जाने पर्यटकहरूलाई सहज होस् भनेर ठाउँ-ठाउँमा बाटो देखाउने साइनबोर्ड समेत राखिएको छ। तल जमिन दलदल गर्ने कपासको भुवामा टेके जस्तो लाग्ने पानीनै पानीले भरिएको जस्तो महसुस गर्न सकिन्छ। अगाडि निलो आकाश मुनी हरिया साना थुम्का छन्। जलजलाको अर्को आकर्षणको रूपमा दुर्लभ सेतो गुराँस मान्नीने गर्दछ। जलजलामा घोरल,थार,मृग,बँदेल,भालु जस्ता जंगली जनावर समेत पाइने गर्दछ। साथै धुपी,बाँज,सेतो गुराँस,लाली गुराँस,भोजपत्र,लेकाली सल्ला लगायत वनस्पति तथा थुप्रै जडीबुटी समेत पाइन्छ।यस्तै डाँफे,मुनाल,कालिज,बाघ,भालु लगायत पक्षी तथा जनावर पनि यहाँ भेटिने गरेको पाइन्छ। युद्ध कालदेखि नै जलजलामा बस्तुभाउ चरिचरनमा बन्देज लगाई संरक्षण गरिँदै आएको छ। आफ्नो पहिचान,बिर्ता र ऐतिहासिकता बोकेको जलजलाको दृश्य शब्द र तस्बिरले वर्णन गर्न सकिँदैन। महिनैपिच्छे जलजलाको फरक फरक दृश्यावलोकन गर्न सकिन्छ। फागुन,चैत,वैशाखमा लाली गुराँसले ढकमक्क देखिने जलजलालाई हिउँदमा सेतै हिउँले ढाकिएको हुन्छ। असार,साउन,भदौ र असोज महिनामा दुर्लभ रङ्गीबिरङ्गी फूलहरूले सिँगारिन्छ। जलजला सयौं बुकी फूलहरूले सजिएको छ। फूलमा रमाएका चराहरूको चिरबिर आवाजले कान नै गुञ्जायमान गराइदिन्छ। जलजलाको दलदल गर्ने घाँसे मैदानमा आनन्द लिएर बेग्लै अनुभव यहाँ गर्न सकिन्छ। जलजलाको ऐतिहासिक महत्वसँगै धार्मिक महत्व पनि उत्तिकै छ।

# पर्वतका ३१ विद्यालय विद्यार्थीविहीन, रित्ता विद्यालय रुँग्दै शिक्षक



**पर्वत/मस-** बढ्दो बसाइँसराइ र गुणस्तरीय शिक्षाको खोजीमा गाउँहरू रित्तिदै जाँदा पर्वतमा ३१ वटा सामुदायिक विद्यालयमा विद्यार्थीविहीन भएका छन्।

जिल्लाका सातवटै पालिकामा रहेका ३१ सामुदायिक विद्यालय विद्यार्थीविहीन बनेका हुन्। शून्य विद्यार्थी हुने अधिकांश विद्यालय आधारभूत र प्राथमिक तहका रहेका छन्। लामो समयदेखि विद्यार्थी संख्या शून्य भइसक्दा पनि विद्यालयहरू समायोजन गर्ने प्रक्रिया समेत थालिएको छैन।

जिल्लाका सात स्थानीय तहमा २७२ सामुदायिक विद्यालय रहेका छन्। विद्यार्थी शून्य हुनेमा एक माध्यमिक तहको विद्यालय समेत रहेको छ। जिल्ला शिक्षा समन्वय एकाइ पर्वतले दिएको जानकारीअनुसार विहादी गाउँ पालिकामा दुई सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या शून्य रहेको छ। मोदी गाउँपालिकामा नौ विद्यालयमा विद्यार्थी संख्या शून्य भएको छ।

यसैगरी फलेवास नगर पालिकामा छ वटा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या शून्य पुगेको हो भने कुश्मा नगर पालिकामा विद्यार्थी संख्या शून्य भएका आठ सामुदायिक विद्यालय रहेका एकाइले जानकारी दिएको छ।

यस्तै जलजला गाउँ पालिकामा चार सामुदायिक विद्यालयमा विद्यार्थी शून्य रहेका छन्भने दक्षिण पर्वतको पैयूँ गाउँपालिकाका दुई सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य रहेको जिल्ला शिक्षा समन्वय एकाइ पर्वतका प्रमुख मतिलाल चपाईले जानकारी दिए। फलेवास नगरपालिका-५ मा रहेको ध्रुवनमुना माध्यमिक विद्यालयसहित ३१ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या शून्य रहेको भए पनि स्थानीय तहहरूले समायोजन गर्ने वा शिक्षकलाई विद्यार्थी भएको विद्यालयमा खटाउे काम नगरेको बताए।

शून्य विद्यार्थी संख्या हुँदा पनि सञ्चालनमै रहने विद्यालयहरूमा कुश्मा नगरपालिकाभित्रकमा हर्राचौर प्रावि, जनजागृति प्रावि, जनकल्याण प्रावि, मराङसिंह प्रावि, शहीद शुक्र प्रावि ठुलीपोखरी, धौलागिरि प्रावि, जनता प्रावि रहेका छन्। जलजला गाउँ पालिकामा शून्य विद्यार्थी हुने विद्यालयहरूमा जनचेतना प्रावि शालिजा, सर्वोदय आधारभूत विद्यालय शालिजा, स्वस्वती आधारभूत विद्यालय धाइरीङ रहेका हुन्।

यसैगरी फलेवास नगर पालिकामा शून्य विद्यार्थी हुनेमा श्री वाल प्रावि, ध्रुव नमूना मावि, सूर्योदय प्रावि, जनता प्रावि लिमिठाना, तीनधारे प्रावि, मनकामना प्रावि, बेतेयानी प्रावि, देउराली प्रावि र भवानी प्रावि रहेका छन्। यसैगरी दक्षिण पर्वतको पैंयू गाउँपालिकामा शून्य विद्यार्थी हुनेमा वालनयन प्रावि, वालज्योति प्रावि हुन्। मोदी गाउँ पालिकामा शून्य विद्यार्थी हुनेमा सिद्ध आधारभूत विद्यालय, कृष्ण आधारभूत विद्यालय, जनप्रकाश आधारभूत विद्यालय, हरि आधारभूत विदालय, सरस्वती आधारभूत विद्यालय, वालकल्याण प्राथमिक विद्यालय, भूमे आधारभूत विद्यालय, लक्ष्मी आधारभूत विद्यालय, दुर्गाभवानी आधारभूत विद्यालय र सिद्धबराह आधारभूत विद्यालय रहेका छन्।

यता विहादी गाउँपालिकामा, जनसेवा प्रावि वहाकीठाँटी र वालज्योती प्रावि रानीपानीमा विद्यार्थी संख्या शून्य रहेको जिल्ला शिक्षा समन्वय एकाइ पर्वतले जनाएको छ। यसरी विद्यार्थी नै नभएका विद्यालयको सङ्ख्या ३१ पुगिसक्दा पनि पर्वतका स्थानीय सरकारहरूले विद्यालय समायोजन गराउन कुनै चासो नदिएको फलेवासका स्थानीय धर्म पौडेलले बताए।

शिक्षकहरूलाई विद्यार्थी नै नभएका विद्यालयमा राखेर तलब सुविधा दिलाउने गरिएको छ। राज्यको बजेटको दुरूपयोग हुने भए पनि बाध्यतामा परेर शिक्षकहरू राख्नुपरेको फलेवास नगरपालिका-२ थापाठानाका वडाध्यक्ष गंगानारायण श्रेष्ठले बताए।

अहिले विद्यार्थी नभए पनि आगामी दिनमा विद्यार्थी आउन सक्ने भन्दै विद्यालयलाई समायोजना नगरिएको बुझिएको उनको भनाइ छ। शिक्षकहरूलाई सरुवा गर्नुको सट्टा रित्ता विद्यालय रुंगाएर जनप्रतिनिधिले राजनीतीक संरक्षण गरिरहेको पाइएको छ। करार, राहत शिक्षक र कार्यलय सहयोगीको रोजगारी जाने भएका कारण पनि कतिपय विद्यालय समायोजन नगरिएको कतिपय जनप्रतिनिधिले नै बताउने गरेका छन्।

# ढोरपाटनमा घोडा सफारी व्यवसाय फस्टाउँदो



**बागलुङ/मस-** नेपालकै एक मात्र सिकार आरक्ष क्षेत्र ढोरपाटन उपत्यकामा घोडा सफारी व्यवसाय फस्टाउँदो छ। घोडापालन गर्दै आएका स्थानीयको दैनिकी अहिले पर्यटकलाई घोडामा घुमाउनै ठिक्क छ।

ढोरपाटनमा पछिल्लो समय पर्यटकको चाप बढेपछि घोडा व्यवसायी दंग छन्। ढोरपाटन उपत्यकामा फुलेका अनेकथरी फुलमा घोडा दौडाउने, भिडियो खिच्ने, फोटो खिच्ने र टिकटक बनाउने पर्यटकको संख्या बढेपछि घोडा व्यवसायीको आम्दानी बढेको छ।

घोडा पालेरै घर खर्च धान्दै आएका ढोरपाटन नगरपालिका-९ निवासी अनिस विकले पर्यटक बढेपछि दिनमै तीन हजारभन्दा माथि आम्दानी गर्दै आएको बताए। ‘पहिले त मुस्किलले दिनमा रु एक हजार हुन्थ्यो, अहिले रु तीन हजारसम्म आम्दानी भइरहेको छ, ढोरपाटनमा फुलेका बुकी फुलमा घोडा चढ्ने बढेका छन्।’

उनका अनुसार ढोरपाटनमा पछिल्लो समय पर्यटक उल्लेख्य रूपमा बढेका छन्। ‘ढोरपाटनमा आएका पर्यटकहरू घोडा नचढ्ने कुरै हुँदैन, घोडा चढेको फोटो र टिकटक मैले नै खिचिदन्छु, पर्यटकहरू खुसी भए अझ धेरै रकम खन्छिन्’, विकले भने, ‘एक पटक घोडामा चढेर फोटो तथा भिडियो बनाएको दुई सय लिन्छु, ढोर बराही दर्शन गरेको रु पाँच सय र बुकी पुगेको तीन हजारसम्म लिने गरेको छु, सबैभन्दा बढी पर्यटक घोडा चढेर ढोरपाटन उपत्यकाको फूलमा फोटो तथा भिडियो बनाउन रुचाउँछन्।’

घोडाको खानपान घटाउँदा घर खर्च गरेर एक/दुई हजार दैनिक बचत हुने गरेको छ। यहाँका स्थानीयले घारवास र घोडा सफारीबाट मुख्य आम्दानी लिने गरेका छन्। वर्खायाम भए पनि यहाँको बुकी फूल हेर्न कै लागि बुटवल, काठमाडौं, पोखरा, बागलुङ बजारसहितका छिमेकी पालिकाहरूबाट ढोरपाटनमा पर्यटक आउने गरेका छन्।

असारदेखि भदौसम्म यस क्षेत्रमा विभिन्न प्रजातिका वन फूल अर्थात् बुकी फूल फुल्ने गर्छन्। मङ्सिर-पुसमा बाक्लो हिमपात हुने हुँदा कतिपय पर्यटक हिउँ खेल्नकै लागि आउँछन्। यहाँ आउने पर्यटक घोडा नचडी फर्किएको पाइँदैन। पर्यटकहरू घोडा चढेरै बुकी पाटनसम्म जाने गर्दा घोडाधनीहरु उत्साहित रहेका छन्।

घोडापालनमा भने चुनौती रहेपछि पछिल्लो समय आम्दानी बढेको घोडाधनी मैतराम विकको भनाइ छ। दुई घोडा पालेका मैतरामको घर खर्च चलाउने माध्यम घोडा नै हो। उनले बुकीपाटनमा पर्यटकका सामग्री पुऱ्याउन आफ्ना घोडा प्रयोग गर्दै आएको बताए।

मध्यान्ह
www.madhyanhadaily.com
२५ साउन २०८२ आइतबार
10 August 2025 Sunday

## सम्पादकीय

# सरकारलाई गिज्याउने घटना

गत शुक्रबार राति कैलालीको धनगढीस्थित कारागारभित्रै झडप हुँदा एक जनाको मृत्यु भयो, ४७ जना घाइते भए । यो घटना सामान्य असुरक्षाको कारणले भएको घटना होइन, फितलो सुरक्षाको परिणाम हो । घटना भएको दुई दिनसम्म सरकारले कारागार सामान्य अवस्थामा छ भन्न सकेन । कैदीबन्दीले कारागार नियन्त्रणमा लिए । गेटमा ग्याँसका सिलिण्डर राखेर कोही भित्र पसे र आगो लगाइदिने चेतावनी दिए । कैदी सरकारको सुरक्षा घेराभित्र हुन्छ । तर कसरी बन्दीले सुरक्षा निकायलाई समेत नियन्त्रणमा लिने वातावरण बन्यो ? यसबारे छानबिन गर्न समिति नै बनेको छ । समितिले कारणहरू पत्ता लगाउला । तर यो घटनाले कारागारको सुरक्षा नीति कति फितलो छ र रहँदै आएको छ भन्ने देखाएको छ ।

कारागारहरूमा पहिलो पटक झडपको घटना भएको होइन । पहिलो पटक थियो भने सरकारले सुरक्षा नीति आँकलन गरे भन्दा फरक बन्यो भन्ने जवाफ दिने अवस्था हुने थियो । तथापि, यस्तो जवाफ दिएर राज्य पन्छिन पाउँदैन । कैलाली घटनासम्म आइपुग्दा त सरकारले दिने जवाफ के होला भन्ने विषय आम चासोको विषय बन्न पुगेको छ । किनभने, कारागार असुरक्षित छ भन्ने सन्देश विगतका घटनाबाटै प्रवाह भइसकेको छ । ५ भदौ २०८० मा भक्तपुरको सुधारगृहमा भएको झडपले कारागार कति असुरक्षित छ भन्ने सन्देश दिएकै थियो । त्यसबेला मूल गेट नै तोडेर बन्दीहरू बाहिर निस्किएका थिए । त्यसबाट सरकारले पाठ सिकेन र झडपका घटना भइरहे । २६ भदौ २०८० मा वीरगञ्जको बाल सुधारगृहमा, ४ असोज २०८० मा बाँकेको डुडुवास्थित जयेन्दु सुधारगृहमा झडप भएको थियो । १४ पुस २०७९ मा बाँकेको सुधारगृहमा झडप भएको थियो भने बाँकेको सुधारगृहमा २०७९ माघ अन्तिम साता आगजनी भएको थियो । सरकारले कुनै पनि घटनाबाट पाठ सिकेन र एक पछि अर्को कारागारमा झडप र मृत्युका घटना हुँदै आएका छन् । कैलाली कारागारमा भएको घटना पनि सरकारले विगतबाट पाठ नसिक्दाको परिणाम हो ।

यस कारण सरकारले उचित नीति अवलम्बन गर्न आवश्यक छ । ताकि, कारागारमा रहेका कैलदीबन्दी सुरक्षित छन् भन्ने सन्देश सरकारले दिन सकोस् । अन्यथा राज्यको सुरक्षा घेरामा रहेका कैदीबन्दीसमेत सुरक्षित छैनन्, कारागारभित्रै झडप हुन्छ, व्यक्तिको मृत्यु र ठुलो संख्यामा घाइते हुन्छन् भने आमनागरिक कति सुरक्षित छन् ? भन्ने प्रश्न उब्जिन्छ ।

# राजनीतिमा नेतृत्व पुस्तान्तरणको सवाल

*नेतृत्व पुस्तान्तरण केवल दलको आन्तरिक प्रश्न होइन, यो मुलुकको समग्र भविष्यसँग जोडिएको विषय हो । बिडम्बना नै मान्नुपर्छ, पञ्चायती व्यवस्था होस् वा बहुदलीय व्यवस्था होस्, सत्ताको नजिक रहेका नेताहरू अझै पनि सत्ताकै नजिक छन् । व्यवस्था परिवर्तन भएपनि उनीहरू सत्ताबाट धेरै पर पुगेका छैनन्...*

अग्रलेख



● जन्मदेव जैसी

नेपाली राजनीति एक यस्तो वृत्तजस्तै बनिरहेको छ, जसको केन्द्रमा पुराना अनुहारहरू वर्षौं देखिँदै आएका छन् । सत्ताको साँचो एउटै पुस्तामा सीमित छ । जनताले दशकौँदेखि सुन्दै आएका नामहरू अझै पनि देशको भाग्यको निर्णायक बनेका छन् । यस्तो स्थितिमा नयाँ पुस्ताका नेताहरूलाई समाहित गर्ने, उनीहरूको ऊर्जा, दृष्टि र नयाँपनलाई राजनीतिक मूलधारमा ल्याउने प्रसङ्ग ओझेलमा परेको छ । पुस्तान्तरणको प्रश्न उठाउँदा अझै पनि त्यसलाई धम्कीको रूपमा लिने पुरानो पुस्ताको मानसिकता हट्न सकेको छैन । यही कारणले गर्दा नेतृत्व परिवर्तनको प्रक्रिया सहज, संस्थागत र दीर्घकालीन रूपमा देश हितमा आधारित बन्न सकेको छैन ।

राजनीतिक नेतृत्व पुस्तान्तरण भनेको केवल उमेरको आधारमा नयाँ मान्छे ल्याउने कुरा मात्र होइन, यो सोच, दृष्टिकोण र कार्यशैलीमा पनि रूपान्तरण ल्याउने प्रक्रियासँग गाँसिएको हुन्छ । तर, नेपालमा पुस्तान्तरण भन्नासाथ सत्तामा बसिरहेकाहरूको पद गुम्ने डरले प्रक्रिया सुरु नहुँदै अवरुद्ध हुन्छ । पार्टीको भित्री संरचना यति केन्द्रीकृत छ कि जहाँ केही निश्चित व्यक्ति वा समूहले मात्रै सबै निर्णयको लगाम समातेका हुन्छन् । नेतृत्वलाई हस्तान्तरण गर्नुको सट्टा आफन्त, सन्तान वा आफ्नै सर्कलभित्रको मान्छेलाई अघि बढाउने प्रवृत्ति बढ्दो छ । यसले स्वस्थ प्रतिस्पर्धा मार्फत योग्य नेतृत्व उदय हुने बाटो थुनिदिएको छ ।

नेपाली राजनीतिमा कांग्रेस, एमाले र माओवादीजस्ता ठूला दलहरूमा पुस्तान्तरणको प्रक्रिया बारम्बार छलफलमा आएको देखिन्छ, तर व्यवहारमा भने त्यो प्रतिबिम्बित हुन सकेको छैन । नेपाली कांग्रेसमा बिपी कोइरालादेखि हालसम्म नेतृत्वको अनुहारहरू थोरै मात्र फेरिएका छन् । शेरबहादुर देउवा दशकौँदेखि सत्ताको वरिपरि छन् । एमालेमा केपी शर्मा ओली, ईश्वर पोखरेलजस्ता नामहरू झन्डै चार दशकदेखि देखिँदै आएका छन् । माओवादी आन्दोलनका नाममा नयाँ आशा लिएर आएका पुष्पकमल दाहाल 'प्रचण्ड' पनि नेतृत्वको गद्दीबाट कहिल्यै टाढा जान चाहँदैनन् । यिनै अनुहारहरूको एकाधिकारका कारण नयाँ नेतृत्वको विकास अवरुद्ध भएको छ ।

युवाहरू राजनीतिमा छिर्ने अवसर पाएका छन्, तर उनीहरूलाई निर्णय तहमा पुऱ्याउने ढोका अझै खुल्न सकेको छैन । कतिपय नयाँ अनुहारहरू पार्टीभित्र देखिए पनि उनीहरू पुराना नेताहरूका भरपर्दा अनुयायीको भूमिकामा सीमित छन् । उनीहरूलाई नेतृत्वको मोर्चामा अघि ल्याउने सच्चा प्रयास नै गरिएको देखिँदैन । उल्टो, कुनै युवा नेता उभिन खोजेमा 'अपरिपक्व', 'अनुभवहीन' जस्ता आरोप लगाएर दबाउने काम भइरहेको छ । यस्तो प्रवृत्तिले नेपालको राजनीतिमा नयाँपनको सम्भावनालाई नै चुनौती दिएको छ ।

पुस्तान्तरणको समस्या केवल व्यक्तिमा मात्र सीमित छैन, यसले संस्थागत संरचनामा समेत गहिरो प्रभाव पारेको छ । पार्टीहरू आन्तरिक लोकतन्त्रविहीन भएका छन् । नेतृत्व परिवर्तनका लागि तय गरिएका नियम, समय सीमा र कार्यशैली व्यवहारमा लागू हुन सकेका छैनन् । पार्टीको महाधिवेशन बारम्बार पछाडि धकेलिने, वा नेतृत्व चयनमा अस्वाभाविक हस्तक्षेप हुने गरेका उदाहरण प्रशस्त छन् । यस्ता अभ्यासले राजनीतिमा योग्य र समर्पित कार्यकर्तालाई निरुत्साहित तुल्याउने काम मात्र गर्दैन, जनताको विश्वास पनि कमजोर बनाउँछ ।

नेपाली राजनीतिमा पुस्तान्तरण नहुनुको अर्को कारण हो, नेतृत्वदायी पदलाई शक्ति, सुविधा र व्यापारिक फाइदाको स्रोत ठान्ने प्रवृत्ति । जब नेतृत्व सत्तासँग मात्र जोडिन्छ, तब त्यसलाई नछाड्ने मानसिकता विकास हुन्छ । यस्तो सोचले पदमा टाँसिने संस्कार जन्माउँछ । जबकि लोकतान्त्रिक राजनीतिक संस्कारमा नेतृत्व




समयसापेक्ष परिवर्तन हुनुपर्छ, नयाँ विचार, नीति र कार्यशैलीको ठाउँ दिनुपर्छ । पुराना पुस्ताले आफ्नो अनुभव सन्देशको रूपमा दिई नयाँ पुस्तालाई जिम्मेवारी सुम्पन सक्नुपर्छ । तर नेपालमा यो संस्कार स्थापित हुन सकेको छैन ।

नेपालका प्रमुख दलहरूले बेलाबेलामा 'युवालाई अवसर दिनुपर्छ', 'नेतृत्व परिवर्तनको समय आएको छ' भन्ने भाषण गर्छन् । तर, यस्ता कुराहरू भाषणमै सीमित हुन्छन् । व्यावहारिक कदम चालिएको देखिँदैन । उदाहरणका लागि, कुनै युवा नेता लोकप्रिय बन्दै गयो भने त्यसलाई रोक्न षड्यन्त्र गरिन्छ, अवसर कटौती गरिन्छ । कतिपय अवस्थामा त पार्टीभित्रका युवा नेताले विद्रोह गर्नुपरेको छ । यस्तो असहज वातावरणमा योग्य र सक्षम युवाहरू राजनीतिमा टिक्न नसक्ने अवस्था आउँछ । उनीहरू या त निराश भएर पन्छिन्छन्, या त पुरानै शैलीमा समाहित हुन बाध्य हुन्छन् ।

पुस्तान्तरणको अभावले राजनीतिमा केवल व्यक्ति होइन, नीति र सोच पनि पुरानै अवस्थामा स्थिर रहन्छ । समाजमा भएका नयाँ चुनौती, प्रविधिको विकास, अन्तर्राष्ट्रिय सम्बन्ध, जलवायु परिवर्तन, श्रम पलायन, युवाको आकांक्षा आदि विषयलाई समेट्ने दृष्टिकोण नेतृत्वमा हुन्न भने देश पछाडि पर्छ । पुराना नेताहरूले वर्षौंदेखि एउटै भाषाशैली, नाराजस्तै लाग्ने प्रतिबद्धता र आलोचना-प्रधान राजनीतिमा मात्रै ध्यान दिएका छन् । समस्याको गहिरो विश्लेषण, दीर्घकालीन योजना र नवीन सोचको अभावले गर्दा राजनीति जनताको जीवनसँग प्रत्यक्ष रूपमा जोडिन सकेको छैन ।

अहिलेको विश्व राजनीतिको प्रवृत्ति हेर्ने हो भने धेरै मुलुकमा युवा नेतृत्व अघि बढिरहेको छ । क्यानडामा जस्टिन ट्रुडोले नेतृत्व गरे भने फ्रान्समा इम्यानुएल माक्रों आए, फिनल्यान्डमा सान्ना म्यरिनजस्ता नेताहरू अगाडि देखिए । उनीहरूका निर्णय, अभिव्यक्ति र कार्यशैलीले नयाँ पुस्ताको प्रतिनिधित्व गरेको पाइन्छ । यस्ता नेतृत्वले समाजमा नयाँ ऊर्जा थप्छ, नयाँ विश्वास निर्माण गर्छ । नेपालमा पनि यस्ता उदाहरणहरू आउन सक्थे, यदि पुराना नेताहरूले मार्ग प्रशस्त गरिदिएको भए । तर नेपालमा त्यसको ठिक उल्टो हुँदै छ, जहाँ नयाँको उदयलाई अवसर नभई चुनौतीका रूपमा लिने गरिन्छ ।

नेतृत्व पुस्तान्तरणको अभावले युवामा राजनीति प्रतिको मोहभंग बढाएको छ । युवा पुस्ता राजनीतिलाई परिवर्तनको माध्यम होइन, व्यर्थको झगडाको खेल मान्न थालेका छन् । यो स्थितिले भविष्यका लागि गम्भीर संकट निम्त्याउँछ । जब राजनीति गुणवान्, इमानदार र विचारवान् युवाले त्याग्छन्, तब त्यो ठाउँ भ्रष्ट, स्वार्थी र अवसरवादीहरूले ओगट्छन् । यसले लोकतन्त्रलाई कमजोर बनाउने खतरा उत्पन्न गर्छ ।

पुस्तान्तरणलाई सहज बनाउन दलहरूले केही आधारभूत सुधार गर्नुपर्छ । पहिलो, आन्तरिक लोकतन्त्रलाई मजबुत बनाइनुपर्छ । पार्टीको नेतृत्व तय गर्ने प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाइनुपर्छ । दोस्रो, पदावधिको सीमा तोक्नुपर्छ, जसले नेतृत्वलाई समयमै हस्तान्तरण गर्न बाध्य बनाओस् । तेस्रो, युवालाई निर्णय तहमा पुऱ्याउने कोटा वा विशेष नीति ल्याइनुपर्छ । केवल भ्रातृ संगठनमा सीमित राखेर युवा नेताको विकास हुँदैन । चौथो, पुराना नेताहरूले अनुभवलाई साझा गर्दै मार्गदर्शकको भूमिकामा जान तयार हुनुपर्छ । सत्तासँग चिप्लिएको मनोवृत्तिले पुस्तान्तरण सम्भव छैन ।

नेतृत्व पुस्तान्तरण केवल दलको आन्तरिक प्रश्न होइन, यो मुलुकको समग्र भविष्यसँग जोडिएको विषय हो । बिडम्बना नै मान्नुपर्छ, पञ्चायती व्यवस्था होस् वा बहुदलीय व्यवस्था होस्, सत्ताको नजिक रहेका नेताहरु अझै पनि सत्ताकै नजिक छन् । व्यवस्था परिवर्तन भएपनि उनीहरु सत्ताबाट धेरै पर पुगेका छैनन् । अब तिनै नेताहरूबाट आशा गर्नु भन्दा उनीहरूले नयाँ पुस्तालाई खुला र स्वतन्त्र वातावरणमा नेतृत्व दिनुपर्छ । किनभने लोकतन्त्र टिकाउ बनाउने, समाजसँग राजनीति जोड्ने, र राज्यका संस्थालाई विश्वसनीय बनाउने बाटो पुस्तान्तरणबाटै सुरु हुन्छ ।

नेपालको राजनीतिक यात्राले धेरै मोड पार गरेको छ- पञ्चायती शासन, प्रजातन्त्र, गणतन्त्र, संघीयता । तर, नेतृत्वको अनुहारमा विविधता आउन सकेको छैन । गणतन्त्रको नाममा वंशवाद झनै संस्थागत हुन थालेको छ । यो विरोधाभासको अन्त्यका लागि अब नेतृत्वमा रूपान्तरण अपरिहार्य छ । जनताले आश गर्ने नयाँ पुस्ता तयार छ, तर ढोका खुलाउनुपर्ने जिम्मेवारी अझै पनि पुराना पुस्ताकै काँधमा छ । उनीहरूले त्यो जिम्मेवारी इमानदारीपूर्वक पुरा गर्न सके मात्र नेपालको राजनीति साँच्चिकै परिवर्तनको दिशामा अघि बढ्न सक्छ । यही नै समयको माग हो ।

## इतिहासमा आज

१० अगस्ट २०१२ मा दक्षिण अफ्रिकाको रुस्टनबर्ग नजिकै मारिकानामा छानि-छानि काला जातिका मानिसहरुलाई मारिएको थियो । जहाँ ४७ काला जातिका मानिसको ज्यान गएको थियो । सो घटनाले अफ्रिकाभर नै दंगा मच्चिएको थियो ।




१० अगस्ट २०१४ मा तेहरानको मेहराबाद अन्तर्राष्ट्रिय विमानस्थलमा सेपाहान एयरलाइन्सको उडान ५९१५ दुर्घटना हुँदा ४० जनाको मृत्यु भयो । संयोगवस ३ जनाको भने ज्यान बँचेको थियो ।



१० अगस्ट २०१९ को दिन चीनको झेजियाङमा सामूद्रिक आँधीले ठूलो क्षति पुऱ्याएको थियो । जुन घटनामा ३० जनाको ज्यान गएको थियो भने १० लाखभन्दा बढी विस्थापित भएका थिए ।



१० अगस्ट १९६६ मा हेरोन रोड ब्रिज निर्माण भइरहेको बेला भत्कियो । जुन दुर्घटनामा ९ जना कामदारको मृत्यु भएको थियो ।



## सामाजिक सञ्जाल



बद्री विनोद खनाल

नेपालको जनसंख्या यही क्रममा घट्दै जाने हो भने अबको १० वर्षमा उद्योग व्यवसायमा लाग्ने जनशक्तिको त कुरै छोडौं गाउँमा मान्छे मर्दा लास उठाउने जनशक्ति समेत पाउन सकिने छैन । त्यसैले अब हामीले पनि डिभी मार्फत भए पनि गुणस्तरीय जनशक्तिलाई भित्र्याएर देश बनाउनु पऱ्यो है अब ।



रञ्जित तामाङ

लीलामणि पोखरेलको 'नेपालमा एमसिसी' भन्ने किताबमाथि टिप्पणी गर्दै माओवादी सुप्रिमो प्रचण्डले व्याख्यात्मक टिप्पणीको बचाउ गरेछन् । अझ एमसिसीका कारण सर्पको बिगबिगी, सहकारी ठगी, रोशीको बाढी, हिमताल विस्फोटन, आशिका तामाङको सक्रियता आदि इत्यादि पनि चर्चा गरे त सुनमा सुगन्ध नै हुन्थ्यो नि !



प्रेमकान्त अधिकारी

आफू यत्रतत्र सर्वत्र निकृष्ट हुँदै गएको अनुभूति नभएको होला कि भएर पनि अनभिज्ञ रहेझैं गरेका होलान् पदीय दुरुपयोग गरिरहेका राज्य सञ्चालक लगायत संवैधानिक गैह्रसंवैधानिक अंगमा आसीनहरूले ? अनुहारहरू सामाजिक सञ्जाल मार्फत हेर्न र सुन्न पनि घृणा जागेर आउँछ भन्या यसै ।




डम्बर खतिवडा

राजनीतिक दलहरूको नियामक निकाय निर्वाचन आयोग नै हो । यो आयोगको संवैधानिक अधिकार र कर्तव्य हो । कम्तीमा दलहरूको कोष, आय, व्यय, निर्वाचन खर्च, खर्च सीमा पालन गरे नगरेको, समावेशिता, महाधिवेशन, अधिवेशन, निर्वाचन टिकट वितरणमा प्रक्रिया र निष्पक्षता आयोगले नियमन गर्नुपर्छ ।

# बाम बिचलनको खतरा

विचार



● लेखराज रेग्मी

*अहिलेको नेपाली मार्क्सवादको प्रमुख कार्यभार भनेकै दक्षिणपन्थी अवसरवादविरूद्ध स्पष्ट र सशक्त संघर्ष गर्नु हो । अन्यथा फासिवादविरोधी लडाइँ कमजोर हुनेछ र पश्चगमनको बाटो खुला हुनेछ...*

फेरि एकपटक केही महान् क्रान्तिकारी भनिनेहरू सूक्ष्म तरिकाले फासिवादको सेवातर्फ उन्मुख देखिन थालेका छन् । नेपालमा नरोदवाद (बौद्धिक राष्ट्रवाद) बेला-बेलामा प्रतिक्रियावाद र पश्चगमनको पक्षमा उभिन पछि पर्दैन । नक्सलबारी आन्दोलनका कमजोरीहरूबारे गम्भीर समीक्षा सुरु भएको समयमा नेपालमा त्यसले फेरि टाउको उठाउने अवस्था बन्यो । रिमभित्रै बहस चलिरहेकै बेला त्यसकै झण्डा बोक्दै नेपालमा पुनः देखा पऱ्यो । अहिले फेरि त्यस्तै संकेतहरू देखा पर्न थालेका छन् ।

यी सब लेख्दा म ऐतिहासिक घटनाक्रममा फर्किएर हेर्दैछु । तेस्रो महाधिवेशनपछि छिन्न-भिन्न बनेको कम्युनिष्ट आन्दोलनलाई निकास दिन पुष्पलाल श्रेष्ठले २०२५ सालमा राष्ट्रिय सम्मेलन गर्नुभयो । तर त्यही समय उहाँमाथि तीव्र आक्रमणहरू सुरु भए । दरभंगा प्लेनममा युवा क्रान्तिकारीहरू, बहुमतको धारणा र संविधानसभा सम्बन्धी नारालाई उहाँले अस्वीकार गर्नुभएको कुरा सत्य हो ।

तर, त्यसबेलाको परिस्थितिमा संविधानसभा तुरुन्त कार्यान्वयन हुने अवस्था थिएन । त्यसैले निरंकुशतन्त्रको जग बस्न नदिन नेपाली कांग्रेससँग सहकार्य गरेर आन्दोलनमा जानु गलत होइन । २००७ सालको आन्दोलनले उठाएको, तर कांग्रेसले छोडेको नारै संविधानसभाको नारा थियो । दरभंगा प्लेनममा संविधानसभाको नारालाई पूर्णरूपमा त्याग्नु हुँदैनथ्यो । कार्यनीतिक नाराको रूपमा त्यसलाई यथावत राख्दै निरंकुशता विरुद्ध तत्कालीन संघर्षमा संलग्न हुनु आवश्यक थियो ।

त्यही समय भाकपा (भारतीय कम्युनिस्ट पार्टी)भित्र वैचारिक संघर्ष चर्किएको थियो, जसको प्रभाव नेपालमा पर्नु स्वाभाविक थियो । दरबार-निकट बन्नुमा रुसपरस्त प्रवृत्तिले पनि भूमिका खेलेको देखिन्छ । यस्तो अवस्थामा नेपाली कांग्रेसलाई 'राष्ट्रिय पुँजीपति वर्गको पार्टी' मान्नु पुष्पलालको कमजोरी थियो, यद्यपि उहाँले स्वयं नेपाली कांग्रेसलाई 'दलाल नोकरशाही पुँजीपतिहरूको पार्टी' भनेर विरोध गर्दै आउनुभएको थियो । त्यसैले केवल त्यही आधारमा उहाँलाई 'गद्दार' ठहर गर्नु उचित हुँदैन ।

दरभंगा प्लेनममा उहाँको भूमिकाका कारण कम्युनिस्ट आन्दोलन पुनर्गठन गर्न सकिएन । पछि मोहनविक्रम र निर्मल लामाले जेलमुक्ति पाएपछि चौथो महाधिवेशनको तयारीका लागि केन्द्रीय न्युक्लियस बनाएर पुनर्गठन प्रक्रिया सुरु भएको थियो । त्यही समय झापा विद्रोहको सुरुवात पनि भयो, जसले पुष्पलाललाई मोहनविक्रम र निर्मल लामासँग सहकार्य गर्नबाट रोकेको देखिन्छ । चौथो महाधिवेशनपछि झापा आन्दोलनको ब्यानर ओगटिनु भनेको नेपाली नरोदवादको दोस्रो चरण थियो– बामबाट दक्षिणतिरको यात्रा ।

रिमको उदय चौथो महाधिवेशनको विभाजनभन्दा पहिल्यै भइसकेको थियो । भारतका केही माले समूह र मोहनविक्रम-निर्मल लामा चौथो अन्तर्राष्ट्रियको विरोधमा रिमको पक्षमा थिए । अमेरिकी आरसीपी झन् प्रखर ढंगले रिमको वकालत गरिरहेको थियो । चौथो महाधिवेशनको विभाजनमा रिमको सिधा भूमिका थिएन । तर विभाजनपछि मशालभित्रै रिमप्रति दृष्टिकोणमा मतभेद देखियो । २०४२ सालको विभाजनमा रिमले अन्तर्राष्ट्रिय कम्युनिस्ट धारामा रहन चाहने पक्षलाई उत्साहित गरेको देखिन्छ ।

आज भारतमा नक्सलबारी आन्दोलन र रिमबारे पुनर्मूल्यांकनको बहस चलिरहेका छन् । गोन्जालोको गिरफ्तारीपछि रिम एकीकृत रहन सकेन र हाल विघटनको अवस्थामा पुगेको छ । यसको असर नेपालमा पनि देखिएको छ, जनयुद्धको बिखरावमा यसको छायाँ देख्न सकिन्छ । भाकपा माले र नक्सलबारी आन्दोलनमा देखिएको बिखराव अहिलेको माओवादी आन्दोलनमा पनि प्रतिविम्बित भएको छ ।

आजको अवस्थामा फासिवाद विरोधी आन्दोलन कमजोर हुँदै गएको छ । दक्षिणपन्थी अवसरवादविरुद्धको संघर्ष अपेक्षाकृत कमजोर रहेको सन्दर्भमा २०४६ र २०६२/६३ का आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरू जोगाउन नसकिएको तथ्यले पुष्टि गर्छ । अब 'गोडा मुठी न्यानो पार्ने' समय होइन । आत्म-सुरक्षाको नाममा क्रान्तिकारी बन्ने ढोंगले नरोदवादलाई मलजल दिन सक्छ भन्ने बुझ्न आवश्यक छ । यसकारण अहिलेको नेपाली मार्क्सवादको प्रमुख कार्यभार भनेकै दक्षिणपन्थी अवसरवादविरुद्ध स्पष्ट र सशक्त संघर्ष गर्नु हो । अन्यथा फासिवादविरोधी लडाइँ कमजोर हुनेछ र पश्चगमनको बाटो खुला हुनेछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# जुम्लाका टक्क नेपालीले घरको छतमै बनाए जहाज

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २४ साउन



जुम्लाको विकटबस्ती तातोपानी गाउँपालिका-५ ऐरेनीमा बसोबास गर्ने टक्क नेपालीले असाधारण सिर्जना प्रस्तुत गरेका छन्। कुनै प्रविधिक शिक्षा नलिएका, नत औपचारिक तालिमनै लिएका टक्क नेपालीले आफ्नै प्रयासमा नेपाल एयरलाइन्सको झल्को दिने जहाज घरको छतमै निर्माण गरेका छन्। अहिले यो जहाज अवलोकन गर्न र तस्वीर खिच्न स्थानीयदेखि बाहिरी पर्यटकसम्म भेला हुन थालेका छन्।

**सिमेन्ट र कल्पनाबाट बनेको जहाज**

टक्क नेपालीले आफ्नो घरको छतमा सिमेन्ट, फलाम, सरिया, पालिस र रंगजस्ता सामग्री प्रयोग गरेर १८ फिट लामो र ३ फिट गोलाई भएको जहाज निर्माण गरेका छन्। उनले यो जहाज बनाउँदा झण्डै अढाई महिना लगाएका छन्। हालसम्म करिब १ लाख रुपैयाँ खर्च भइसकेको छ। निर्माण कार्यमा उनका भतिज धनबहादुर नेपालीले सक्रिय साथ दिएका छन्।

**स्थानीयबाट 'वैज्ञानिक'को उपनाम**

स्थानीयस्तरमा 'वैज्ञानिक'उपनामले चिनिने टक्क नेपाली विद्युतीय सामग्रीको पसल सञ्चालन गर्दै आएका छन्। उनले यसअघि यूट्युब हेरेर प्याराग्लाइडिङ पनि बनाएर सफल परीक्षण गरेका थिए। अब उनी साँच्चिकै उड्ने जहाज बनाउने योजनामा छन्। 'प्याराग्लाइडिङ बनाएर उडेको छु, अब उड्ने जहाज बनाउने सोचमा छु,'टक्कले भने।

**पर्यटन प्रवर्द्धनमा योगदानको सम्भावना**

टक्कको सिर्जनाले जुम्लाको पर्यटन विकासमा नयाँ सम्भावना थपेको छ। जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले भने, 'उनको सीप देखेर म छक्क परेँ। यदि उपयुक्त ठाउँमा ठूलो जहाज बनाउने सुविधा दिइयो भने यसले जुम्लाको पर्यटनमा टेवा पुर्‍याउँछ।'

तातोपानी गाउँपालिका अध्यक्ष नन्द प्रसाद चौलागाईंले पनि टक्क नेपालीको प्रयासको प्रशंसा गर्दै आवश्यकता परे सहयोग गर्न तयार रहेको बताएका छन्।

स्थानीय भन्छन्,'स्थानीय सरकारले टक्कको यो सीपलाई कदर गर्नुपर्छ। उनको कला र प्रयासले विज्ञान प्रवर्द्धनमा ठूलो सहयोग पुर्‍याउन सक्छ।' सबैले टक्कको सिर्जनामा गर्व गर्दै छतमा रहेको जहाज देखेर अभिभूत भएका छन्।

**भविष्यका योजना जहाज म्युजियम**

टक्क नेपालीको लक्ष्य केवल यही जहाजमा सीमित छैन। उनी भविष्यमा ठूलो जहाज बनाउने, त्यसलाई रमणीय स्थानमा राखेर 'जहाज म्युजियम' बनाउने योजना बुनेका छन्। त्यहाँ पर्यटकले जहाज चढ्ने, खाना खाने, अवलोकन गर्ने व्यवस्था रहनेछ र प्रवेशका लागि टिकट प्रणाली समेत लागू गरिनेछ।

# 'महिलाहरू अझै समान अवसरबाट वञ्चित'



**काठमाडौं/मस**–महिला सुरक्षा दबाब समूह नेपालले महिलाहरू अझै समान अवसरबाट वञ्चित रहेको बताएको छ।

काठमाडौंमा आयोजित महिला सुरक्षा दबाब समूहका सञ्जाल सदस्य र स्थानीय सरकारका प्रतिनिधिहरूबीच संस्थागत अभिवृत्ति तथा अन्तरक्रिया कार्यक्रममा सहभागी अधिकांश वक्ताहरूले संविधानमा व्यवस्था भएका हक-अधिकार व्यवहारमा समान रुपमा लागू नभएको बताए। विभेदकारी कानुन र ऐनहरू महिलाको पक्षमा नभएकाले व्यवहारमा समानता हुन नसकेको उनीहरूको भनाइ छ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता प्रा.शशी अधिकारीले २०६२/६३ सालको जनआन्दोलनपछि पनि विदेशी बाबु र स्वदेशी आमाबाट जन्मेका बच्चाहरूले नागरिकता प्राप्त गर्न नसकेको विषय उठाउँदै, यस्तो अवस्थामा ती बच्चाका आर्थिक अधिकार मात्र सीमित हुने उल्लेख गरिन्।

उनले परम्परागत सोचले महिलालाई अझै दोस्रो दर्जाको नागरिक बनाएको र निर्णायक तहमा महिलालाई अवसर दिन हिचकिचाउने प्रवृत्ति बढेको भन्दै यसको अन्त्य आवश्यक भएको बताइन्। अधिकारीले महिलाहरू आफैं जागरुक हुनुपर्ने समय आएको पनि स्पष्ट पारिन्।

काठमाडौं महानगरपालिका वडा नं ३० का अध्यक्ष दल बहादुर कार्कीले संसद र सरकारले अपराधीहरूलाई संरक्षण गरेको आरोप लगाए। कार्यक्रममा सहभागी वक्ताहरूले महिलालाई हेर्ने दृष्टिकोणमा केही सुधार भए तापनि पदीय जिम्मेवारी दिन अझै रोक लगाउने प्रवृत्ति बढेकोमा चिन्ता व्यक्त गरे।

अझै पनि महिला हिंसाका घटना भइरहेकाले महिलालाई उद्यमशीलतातर्फ प्रेरित गर्नुपर्ने र महिलाले उद्यमी बनेमा घरेलु हिंसा कम हुने विश्वास व्यक्त गरिएको थियो। सहभागीहरुले महिलामाथि हुने हिंसालाई सामान्य रूपमा नलिनुपर्ने र समाजको सोच परिवर्तन गर्न आवश्यक रहेकोमा जोड दिए। उनीहरूले महिला अधिकार मानव अधिकार भएकाले महिलालाई समान हक दिलाउनुपर्ने मागसमेत राखे।

कार्यक्रममा महिला सुरक्षा दबाब समूहकी अध्यक्ष इरादा गौतमले महिला हिंसा अन्त्य गर्ने, लैंगिक समानता बढाउने र सबै निकायमा महिला प्रतिनिधित्व ५० प्रतिशत पुर्‍याउने संघर्ष सडक र सदन दुवैतिरबाट जारी रहने बताइन्। संस्थाकी सचिव सीता ओझाले कार्यक्रम संचालन गरिन् भने उपाध्यक्ष कमला उप्रेतीले अतिथिहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य बताइन्।

कार्यक्रममा महिला सुरक्षा दबाब समूहका पदाधिकारी, सञ्जाल सदस्य, स्थानीय निकायका जनप्रतिनिधि र विभिन्न व्यक्तित्वहरू सहभागी थिए। महिला सुरक्षा दबाब समूह महिला अधिकार, समानता, सशक्तिकरण तथा सामाजिक र आर्थिक रुपान्तरणका सवालमा काम गर्दै आएको छ।

# फोनिज रामेछापले मनायो २६औं स्थापना दिवस, दुई पत्रकार सम्मानित



**रामेछाप/मस**–नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) रामेछापले आफ्नो २६औं स्थापना दिवस विविध कार्यक्रमसहित सम्पन्न गरेको छ। शनिबार मन्थलीमा आयोजित कार्यक्रममा संस्थाले जिल्लाका दुई पत्रकारलाई नगदसहित सम्मान गरेको छ।

आदिवासी जनजातिको क्षेत्रमा खोजमूलक समाचार लेखनमा सक्रिय योगदान पुर्‍याएको भन्दै नेपाल पत्रकार महासंघ रामेछापका निर्वतमान अध्यक्ष बद्रि नयाँघरेलाई 'खोज पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ। सो पुरस्कार अन्तर्गत नगद रकमसहित सम्मान पत्र प्रदान गरिएको थियो। यस्तै, नेपाल प्रेस युनियन रामेछापका अध्यक्ष ज्ञानु श्रेष्ठलाई 'नेपाल आदिवासी जनजाति पत्रकारिता वर्ष पुरस्कार'बाट सम्मानित गरिएको छ। फोनिज रामेछापले 'नेपाल आदिवासी जनजाति पत्रकारिता वर्ष पुरस्कार' विगत सात वर्षदेखि र 'खोज पत्रकारिता पुरस्कार' चार वर्षदेखि निरन्तर वितरण गर्दै आएको छ।

स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा 'पर्यटन प्रवर्द्धनमा पत्रकारको भूमिका'विषयक अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न भएको छ। कार्यक्रममा फोनिज रामेछापका निर्वतमान अध्यक्ष नवराज श्रेष्ठले संस्थागत कार्यपत्र प्रस्तुत गरेका थिए भने सचिव सुमित्रा थोकरले पर्यटन प्रवर्द्धनमा पत्रकारको भूमिका विषयक कार्यपत्र प्रस्तुत गरेकी थिइन्।

प्रस्तुत कार्यपत्रमाथि सहभागी पत्रकारहरूले आफ्ना धारणा राख्दै पर्यटन विकासका लागि प्रभावकारी पत्रकारिता आवश्यक रहेकोमा जोड दिएका थिए।

कार्यक्रमको अध्यक्षता फोनिज रामेछापका अध्यक्ष कुमार श्रेष्ठले गरेका थिए। सो अवसरमा मन्थली नगरपालिकाका नगरप्रमुख लब श्रेष्ठले मन्थली नगरपालिकाले पर्यटन विकासका लागि विभिन्न योजना बनाई कार्यान्वयन गरिरहेको जानकारी दिए। उनले स्थानीय सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य र ऐतिहासिक महत्व बोकेका स्थलहरूको प्रचार-प्रसारमा पत्रकारको भूमिका महत्वपूर्ण हुने बताउँदै सहकार्यको अपेक्षा व्यक्त गरे। त्यस्तै, फोनिज बागमती प्रदेशका अध्यक्ष युवराज श्रेष्ठ, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य नवराज पथिक, पूर्वअध्यक्षहरू हिमाल ढुगेल र बद्रि नयाँघरे लगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै फोनिज रामेछापको पत्रकारिता क्षेत्रमा पुर्‍याएको योगदानको प्रशंसा गरेका थिए।

स्थापना दिवसका अवसरमा सम्मानित दुवै पत्रकारले आफूले पाएको सम्मानलाई जिम्मेवारीको रूपमा लिँदै आगामी दिनमा अझ जिम्मेवार र सत्यनिष्ठ पत्रकारिता गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

# मध्यान्ह दैनिकद्धारा तिज विशेष शुभकामना कार्यक्रम सम्पन्न



**काठमाडौं/मस**– तिजको अवसरमा मध्यान्ह राष्ट्रिय दैनिकले विशेष कार्यक्रमको आयोजना गरेको छ। शनिबार काठमाडौंको नक्सालस्थित दैनिकको कार्यालय परिसरमा 'तिज शुभकामना आदान-प्रदान कार्यक्रम २०८२' भव्य रुपमा सम्पन्न भएको हो।

कार्यक्रममा मध्यान्ह दैनिकका महिला कर्मचारीहरू, पुरुष कर्मचारीका परिवारजन तथा विभिन्न अतिथिहरूको उपस्थिति रहेको थियो। सहभागीहरूबीच तिजको शुभकामना आदान-प्रदानसँगै दर खाने, नाचगान तथा सांस्कृतिक प्रस्तुति जस्ता रमाइलो कार्यक्रमहरू आयोजना गरिएको थियो।

सो अवसरमा मध्यान्ह दैनिककी प्रकाशक सितादेवी श्रेष्ठले सहभागी सम्पूर्ण दिदीबहिनीहरूलाई सौभाग्यको प्रतीक चुरा, पोते र टिका प्रदान गर्दै हार्दिक स्वागत तथा शुभकामना व्यक्त गरिन्।

हरितालिका तिज भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म चार दिनसम्म मनाइने नेपाली हिन्दू महिलाहरूको महत्वपूर्ण पर्व हो। शिव-पार्वतीको सम्बन्धसँग जोडिएको यस व्रतमा महिलाहरूले पतिको दीर्घायु, स्वास्थ्य र सुख-समृद्धिको कामना गर्दै ब्रत बस्ने परम्परा रहिआएको छ।

हालका वर्षहरूमा तिज पर्वमा देखिएको भड्किलोपन र विकृति हटाई पर्वलाई मूल उद्देश्यअनुसार धर्म, संस्कृति र सभ्यताको रूपमा मनाउन आग्रह गर्दै मध्यान्ह राष्ट्रिय दैनिकले शुभकामना व्यक्त गरेको छ।

# '१० हजार विद्यार्थी भित्र्याउन सके वर्षमा १ खर्ब रुपैयाँ आम्दानी'



**काठमाडौं/मस**–निजी मेडिकल कलेज तथा डेण्टल कलेजका कोषाध्यक्ष शान्तराम बतासले नेपालमा १० हजार विदेशी मेडिकल विद्यार्थी भित्र्याउन सके वार्षिक १ खर्ब रुपैयाँसम्मको राजस्व भित्र्याउन सकिने दाबी गरेका छन्।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो दाबी गरे। उनले नेपालमा पर्यटन क्षेत्रबाट गत वर्ष ७५ अर्ब रुपैयाँ मात्रै राजस्व भित्र्याउनसकेको र १० हजार मेडिकल विद्यार्थी ल्याउन सके १ खर्ब रुपैयाँसम्म राजस्व आर्जन गर्न सकिने बताए।

उनका अनुसार अहिलेको नेपालको मेडिकल पूर्वाधारले ५ हजार विदेशी विद्यार्थीलाई धान्नसक्ने क्षमता छ। अझ दुई चरणमा अध्ययन गराउन सके थप फाइदा हुने धारणा राख्दै उनले मेडिकल पर्यटनले नेपालको आर्थिक स्तर माथि उठाउन मद्दत पुग्ने उल्लेख गरे।

उनले मेडिकल विद्यार्थीका लागि कोटा प्रणाली खोलिदिनुपर्ने र अनलाइन एप्लिकेसनको व्यवस्था गर्नुपर्ने सुझाव दिए।

उनले भने, '५ हजार विदेशी विद्यार्थी अहिलेको मेडिकल पूर्वाधारले धान्छ। त्यसमा डबल सेसन गरिदिनुपर्छ। संसारभर डबल सेसन पढाइन्छ। न्यूनतम पाँच हजार ल्याऔं। सरकारी अस्पतालमा पनि डबल सेसन गर्ने हो भने आन्तरिक रुपमा पनि सबल हुन्छ। देशमा पनि आन्तरिक पर्यटक, मेडिकल पर्यटकले ठूलो टेवा पुग्छ। थोरैमा पाँच हजार र धेरैमा १० हजार विद्यार्थी ल्याउन सक्छौं। पूर्वाधार राम्रो, गुणस्तरीय शिक्षाका कारण यहाँ मेडिकल विद्यार्थी आउने छन्। हाम्रो कोटा प्रणाली छ, त्यो खोलिदिनुपर्छ। हामीले कलेजमा अनलाइन एप्लिकेसन गर्नुपर्छ। टुरिजमबाट नेपालमा हुने राजस्व भनेको गत वर्ष करिब ७५ अर्ब मात्रै हो। हामीले ५ हजार विद्यार्थी ल्याउने हो भने ५० अर्ब ल्याउन सक्छौं। १० हजार विद्यार्थी ल्याउन सके त्यो भनेको १ खर्ब हो।'

कार्यक्रममा नेकपा एमाले सांसद ईश्वरी घर्तीले चिकित्सा शिक्षामा सरकारले कति लगानी गरेको छ र कसरी अझ प्रभावकारी बनाउन सकिन्छ भन्नेबारेमा सोच्न जरुरी रहेको बताए। उनले लगानीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याए।

उनले भने,'हामीले नेपालको चिकित्सा शिक्षामा कति लगानी गरेका छौं ? हामीले गरेको लगानी कति प्रभावकारी छ ? हाम्रो लगानी प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छ कि छैन ? अब हामी आगामी दिनमा यस्ता चिकित्सा शिक्षामा लगानी गर्ने क्रममा नेपाल सरकारले भूमिका कसरी बढाउने भन्ने हो।'

नेपाल मेडिकल काउन्सिलका अध्यक्ष प्रा.डा. चोपलाल भुसालले नेपाललाई आवश्यक पर्ने मेडिकल जनशक्तिको अध्ययन गरी आवश्यकभन्दा बढी उत्पादन भए मात्रै बाहिर पठाउनुपर्ने बताए।

उनले नेपालले बाहिर जनशक्ति पठाउने भन्दा पनि बाहिरबाट विद्यार्थी ल्याएर चिकित्सक उत्पादन गर्न जरुरी रहेको बताए।

कसरी बाहिरबाट बढी विद्यार्थी ल्याउने भन्ने कुरा प्राथमिकतामा पर्नुपर्ने भन्दै यसमा राष्ट्रले एउटा नीति बनाएर अघि बढ्नुपर्ने धारणा राखे।

उनले भने, 'हाम्रो नीतिमा हामीलाई कति मेडिकल जनशक्ति चाहिन्छ ? बाहिरबाट कसरी बढी विद्यार्थी ल्याउन सकिन्छ, त्यसलाई प्राथमिकता दिनुपर्छ। हामी बंगलादेश गएर पढिरहेका छौं, किन जाने हामी ? किन रसिया, किन फिलिपिन्स जाने ? किन यहाँ पढ्न नपाउने ? त्यो कुरामा पनि राष्ट्रले एउटा नीति बनाउनुपर्छ। त्यत्तिकै एनओसी दिने पठाइदिने गरेर भएन। यहीँ रोक्ने व्यवस्था गर्नुपर्छ। कोटाअनुसार यहाँ ल्याउने व्यवस्था गर्नुपर्छ। मेडिकल कलेजहरू सित्तैमा खोलेर कसरी टिकाउ हुन्छन् ?' अध्यक्ष भुसालले 'नो अब्जेक्शन लेटर' दिएर बाहिर पठाउने काम बन्द गर्नुपर्ने र यहीँ उपयोग गर्ने वातावरण बनाउन जरुरी रहेको पनि बताए।

# सुझावमध्ये १० प्रतिशत मात्र कार्यान्वयनमा आएको छ : अध्यक्ष मगर



**काठमाडौं/मस**–आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरले आयोगले दिएका सुझावमध्ये १० प्रतिशत पनि कार्यान्वयन नभएको बताएका छन्। विश्व आदिवासी जनजाति दिवसको अवसरमा काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले संविधान र कानूनले दिएको आदिवासी जनजातिका अधिकार अझै पूरा हुन नसकेको बताए।

आयोगले सरकारलाई विभिन्न सिफारिस गरेको भए पनि १० प्रतिशत पनि सिफारिसहरु कार्यान्वयन नभएको उनको भनाइ छ।

उनले भने, 'संविधान र कानूनले दिएको अधिकारको कार्यान्वयन भए/नभएको अनुगमन गर्दै आयोगले चारवटा प्रतिवेदन राष्ट्रपतिज्यूमार्फत सरकारलाई बुझाइसकेको छ। ती प्रतिवेदनमा ६ दर्जनभन्दा बढी सिफारिस छन्, तर सरकारबाट १० प्रतिशत पनि कार्यान्वयन भएको छैन। सरकारले यसतर्फ गम्भीर भएर अघि बढ्नुपर्नेछ। आयोगले जतिसुकै काम गरे पनि परिणाम कार्यान्वयनमा हुन्छ, कार्यान्वयन नगरे परिणाम देखिँदैन।' उनले आदिवासी जनजातिले चाहेको पूर्ण समावेशिता अझै लागू हुन नसकेको पनि बताए। आदिवासी जनजातिले राज्यका नीति, नियम तथा कार्यान्वयन गर्ने निकायमा श्रम र संख्यात्मक समावेशिताका लागि लामो समयदेखि संघर्ष गर्दै आएको उनले उल्लेख गरे।

# 'जनै हराएको मान्छे'को ट्रेलरमा कोरिया सपना र ठगीको कथा



**काठमाडौं/मस–** जनै पूर्णिमाको अवसरमा काठमाडौंमा विशेष कार्यक्रम गरी बहुप्रतिक्षित नेपाली चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'को ट्रेलर सार्वजनिक गरिएको छ । हिमाल न्यौपानेको निर्देशनमा तयार भएको यो चलचित्र आर्थिक संघर्ष, सपनाको खोजी र सामाजिक यथार्थलाई भावनात्मक रुपमा चित्रण गरेको छ।

कार्यक्रममा सार्वजनिक गरिएको ट्रेलरले मुख्य पात्रको आर्थिक अभाव, सम्पन्न बन्ने सपना र त्यसको लागि गरेका संघर्षलाई प्रभावकारी ढंगले प्रस्तुत गरेको छ । कथामा ऋृण तिर्न कोरिया जान घरबाट निस्किएका विजय बराल काठमाडौंमा अड्किन्छन् र त्यहाँबाट सुरु हुन्छ उनको कठिन जीवनयात्रा । कोरिया पुग्ने सपना अधुरै रहँदा, आफ्नो सपना पूरा गर्न अरूको इच्छामा बन्धक बन्नुपर्ने बाध्यता, सहरमा ठगिएको पीडा र बाँच्नका लागि गरेका कठिन कामहरू ट्रेलरमा देखाइएका छन् ।

ट्रेलरमा काठमाडौंमा संघर्षरत विजयको भेट मिरुना मगरसँग हुन्छ, जससँगको प्रेमकथा भावनात्मक रंगमा प्रस्तुत गरिएको छ । यससँगै, दिदी केकी अधिकारीको वैवाहिक जीवनमा भिनाजुले दिएको दुःख, परिवारभित्रको सम्बन्ध र समाजका दबाबसमेत समेटिएका छन् ।

निर्माण पक्षका अनुसार, चलचित्रको कथा आम नेपालीको जीवनसँग निकट सम्बन्ध राख्ने भएकाले दर्शकको मन छुने विश्वास गरिएको छ । विशेषगरी, निम्न मध्यमवर्गीय परिवारको सपना, पीडा र संघर्षलाई पर्दामा उतारिएकाले यो चलचित्रले सबैलाई आत्मीय लाग्ने अनुमान गरिएको छ ।

चलचित्रमा विजय बराल, मिरुना मगर, केकी अधिकारी, सुशांक मैनाली, गौरव पहाडी, भोलाराज सापकोटा, रियर राई, तारा शर्मा, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापालगायतको अभिनय रहेको छ ।

'प्रेमगीत ३'मा मुख्य भूमिका निभाइसकेका मनिष राउत यसपटक असोसियट निर्देशकका रूपमा देखिएका छन् । कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका हुन् । दिनेशबहादुर राउत मुख्य सहायक निर्देशक, तर्कराज न्यौपाने, रवीन्द्र नेपाल, मोनिका थापा र आकाश केसी सहायक निर्देशकका रूपमा रहेका छन् । थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रसान्त सिवाकोटीको संगीत रहेको चलचित्रमा नवीन गुरुङ डीओपी र कृष्ण परियारको सिनेमेटोग्राफी रहेको छ । निर्माण नियन्त्रक लक्ष्मणराज पौडेल हुन् भने गोविन्द शाहीको काफिया फिल्मसले वितरणको जिम्मा लिएको छ ।

पेपरक्लिपको ब्यानरमा बनेको चलचित्रका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । कार्यकारी निर्मातामा नारायण तिमिसिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन रहेका छन् ।

अलटाइम ब्लकबस्टर 'पूर्णबहादुरको सारंगी'पछि विजय बराल मुख्य भूमिकामा देखिन लागेको यो वर्षको पहिलो चलचित्र भदौ ६ गते देशभरका हलमा प्रदर्शन हुने भएको छ ।

# 'नालापानी'को विशेष प्रदर्शनी



**काठमाडौं/मस–** नेपाली वीरताको कथामा आधारित चलचित्र 'नालापानी'को विशेष प्रदर्शनी शुक्रबार काठमाडौंमा सम्पन्न भएको छ ।

रिमेश अधिकारीद्वारा निर्देशन तथा निर्माण गरिएको चलचित्र प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबको हलमा भएको विशेष प्रदर्शनीमा प्रतिनिधि सभाका सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वसभामुख अग्नि सापकोटा, सांसदहरू, कलाकार तथा कर्मचारीहरूको उल्लेखनीय उपस्थिति थियो ।

चलचित्र हेरेपछि प्रतिक्रिया दिँदै सभामुख घिमिरेले चलचित्र 'नालापानी'ले इतिहासलाई जीवन्त ढंगले प्रस्तुत गरेको बताउँदै त्यो समयमा राष्ट्र, राष्ट्रियता र मातृभूमिका लागि गरिएको योगदानलाई गहिरो रूपमा महसुस गर्न सकिने अनुभव व्यक्त गरे । 'चलचित्रले राष्ट्रप्रेमले भरिएको कथा बोलेको छ, जसले कुनै पनि नेपालीको हृदय छुनेछ । सम्पूर्ण टिमलाई म धन्यवाद दिन चाहन्छु,' सभामुख घिमिरे भने ।

त्यस्तै राष्ट्रियसभाका अध्यक्ष दाहालले इतिहास र पहिचानसँग जोडिएका यस्ता विषयवस्तुलाई समेटेर राष्ट्रप्रेमले भरिएको चलचित्र बनेको बताए । उनले यस्ता चलचित्रको विकासमा सरकार, सर्जक र सम्पूर्ण पक्षको ध्यान जानु आवश्यक रहेको बताए । वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठले चलचित्र ' नालापानी' राष्ट्रप्रेमलाई झकझक्याउन सघाउने बनेको बताए । कालाकार श्रेष्ठले भने, 'नालापानी युद्धको समग्र पक्ष समेटिएको चलचित्र बनेको रहेछ । यो विशेषतः विद्यार्थीहरूलाई इतिहास बुझाउन अत्यन्तै उपयोगी हुनेछ ।'

त्यस्तै अभिनेता जितु नेपालले 'नालापानी' नेपाली इतिहासको गौरवलाई देखाउने उत्कृष्ट प्रयास भएको उल्लेख गर्दै सबैले हेर्नुपर्ने चलचित्र भएको बताए । 'गोरखाली भनेर शिर उँचो पार्ने त्यो बेलाको बहादुरीलाई चलचित्रले जीवन्त बनाएको छ,' नेपालले भने ।

निर्देशक अधिकारीका अनुसार चलचित्र केवल ऐतिहासिक घटनाको पुनर्निर्माण मात्र नभई राष्ट्रप्रेम, सहादत र एकताको सन्देश बोकेको सशक्त श्रव्यदृश्य अभिव्यक्ति हो । चलचित्रमा महिला, बालबालिका र समाजको सामूहिक प्रतिरोधसमेत कलात्मक ढंगले प्रस्तुत गरिएको छ । विशेष प्रदर्शनीमा सहभागी दर्शकहरूले चलचित्रको विषयवस्तु, निर्देशन, छायांकन र कलाकारको अभिनयको प्रशंसा गरेका थिए ।

# मोहन कार्कीको 'स्वदेश गान'को छायांकन सम्पन्न



**काठमाडौं/मस–** पत्रकार तथा जन आकाश मिडियाका सञ्चालक मोहन कार्कीको रचना रहेको 'हाम्रो देशमा अव्यवस्थित गाउँ-सहर छ, मलाई सुन्दर नेपाल बनाउने रहर छ' बोलको स्वदेश गानको छायांकन सम्पन्न भएको छ। गीतको छायांकन २०८२ साउन २२ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न गरिएको हो ।

गीतको निर्देशन दिनेश एसकेले गरेका छन् भने छायांकन रामेश्वर जिरेलले गरेका हुन् । छायांकनमा राष्ट्रिय कलाकार सुवास गजुरेल, संगीतकार माधव भण्डारी, रुपक डोटेल तथा चर्चित कलाकार एकराज गराच, सञ्चिता शाही, सुनिता खड्का, अभिचन्द्र कार्की, विजेन्द्र नौबागे, दीपक बराल, देवी प्रसाद चौलागाईं, बिनोद कार्की, विनोद नेपालीसहित बाल कलाकारहरूको सहभागिता रहेको थियो । कलाकार हरूको मेकअप राजिना बज्राचार्यले गरेकी छन् ।

कार्कीले केही दिनअघि उक्त गीतको रचना सामाजिक सञ्जाल फेसबुकमा सार्वजनिक गरेका थिए । रचना मन परेर विजेन्द्र नौबागेले तुरुन्तै संगीत भरिदिए भने माधव भण्डारीले संगीत संयोजन गरे । रुपक डोटेल र उषा गजुरेलले गीतमा स्वर दिएका छन् । कोरसमा एनिस एन्जल राई र लक्ष्मी स्याङतानको स्वर रहेको छ ।

'स्वदेश गान'को म्युजिक भिडियो जन आकाश मिडियाको १८औं वार्षिकोत्सवको अवसरमा साउन २९ गते नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीको बालकृष्ण प्रेक्षालयमा सार्वजनिक गरिने कार्कीले जानकारी दिए । कार्यक्रममा उपसभामुख इन्दिरा राना मगर प्रमुख अतिथि रहनेछिन् ।

# नीता ढुंगानाको निर्देशनमा 'पार्वती' बन्ने




**काठमाडौं/मस–** अभिनेत्री तथा निर्देशक नीता ढुंगानाले आफ्नो नयाँ निर्देशनात्मक फिल्म 'पार्वती'को घोषणा गरेकी छन् । उनले शनिबार रक्षाबन्धनको अवसर पारेर दुई टिजर पोस्टर सार्वजनिक गर्दै फिल्म माघ १ गतेदेखि प्रदर्शनमा आउने जानकारी दिइन् ।


गत महिना मात्रै 'सुख दुःख'को घोषणा गर्दै दशैंको फूलपातीमा प्रदर्शन गर्ने तयारीमा रहेकी नीताले अब ' पार्वती'लाई प्राथमिकता दिएकी छन् । उनका अनुसार 'पार्वती' हास्य, भावना र सामाजिक सन्देश मिसिएको मन छुने कथा हो, जसमा एक साधारण पात्रको दृष्टिबाट जीवनका रंग, सम्बन्धका मिठास र संघर्षका भाव चित्रण गरिनेछ ।

दुवै सार्वजनिक पोस्टरमा नीता आफैं देखिएकी छन्- एउटामा गम्भीर मुद्रामा, छाता ओढेर घाँटीमा सिठ्ठी र पानीको बोतल झुन्ड्याएको अवस्थामा भने अर्कोमा हल्का मुस्कानसहित चुलबुले अन्दाजमा । उनका अभिव्यक्तिले फिल्ममा उनले 'अटिजम' भएको युवतीको भूमिका निर्वाह गर्ने अनुमान लगाइएको छ ।

फिल्मको कथा नीता स्वयंले लेखेकी हुन् भने पटकथा तथा संवाद शिवम् अधिकारीको रहनेछ । छायांकन भारतीय छायाँकार बाबु-छोरा जोडी कबीर लाल र शाहिद लालले गर्नेछन् । कबीर लाल यसअघि नीता निर्मित 'ह्रस्व दीर्घ' खिचिसकेका छन् र हाल 'सुख दुःख'को छायांकन पनि गरिरहेका छन् ।

'पार्वती'को निर्माणमा सावित्रा अधिकारी, नरहरी अधिकारी र पवन ढुंगाना संलग्न छन् ।

# प्रतीक्षा काफ्लेको 'मलाई तिजको रहर' सार्वजनिक



**काठमाडौं/मस-** कलाकार तथा मोडल प्रतीक्षा काफ्ले अभिनीत नयाँ तिज गीत 'मलाई तिजको रहर' सार्वजनिक भएको छ । गीतमा गायिका सुजाता उपाध्यायको स्वर रहेको छ भने शब्द र संगीत किरण भण्डारीले दिएका छन् । उदयराज पौडेलले एरेन्ज, चन्द्र चौधरीले मिक्सिङ-मास्टरिङ गरेका छन् ।

गीतको छायांकन सुशील डाँगीले गरेका हुन् भने सम्पादन साइमन राजवंशीले गरेका छन् । कोरियोग्राफीमा साइमन राजवंशी र निर्देशनमा जिवन शाही रहेका छन् ।

टिपिकल लोकशैलीलाई फ्युजनमा प्रस्तुत गरिएको यो मौलिक तिज गीत सुजाता उपाध्यायको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । पछिल्ला दिनमा म्युजिक भिडियो र टेलिफिल्ममा व्यस्त देखिएकी प्रतीक्षा काफ्लेले यस गीतले तिजको माहोलमा साथीभाइसँग छमछमी नाच्न चाहनेको मन जित्ने विश्वास व्यक्त गरेकी छन् ।

उनका अनुसार क्षणिक लोकप्रियताका लागि अश्लील वा दुईअर्थी गीतले भरिएको वर्तमान संगीत बजारलाई स्वच्छ बनाउन र मौलिक संस्कृति जोगाउन यस्ता सिर्जनाले महत्वपूर्ण योगदान दिनेछन् ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**तेश्रो पटक प्रकाशित मिति : २०८२/०४/२५**

यस कम्पनीको विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०४/०५ मा स्वीकृति प्राप्त भई साविक कम्पनी **म्याङ्गो सफ्टवेयर सोलुशन प्रा. लि.** (**प्रा. लि.नं.**२०९११६) को नाममा रहेको सम्पूर्ण चल/अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋृण धन, कर दायित्व आदि परिवर्तित नामको **यूरेका सिस्टम्स प्रा. लि.** अंग्रेजीमा **Ureka Systems Pvt. Ltd.** ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**Tribhuvan University**

**Birendra Bidhya Mandir Campus**

**Tikapur, Kailali**

**Sudurpashchim Province, Nepal**

**Invitation for Bid**

**First Date of Publication: -10th Aug 2025 (25th Shrawn, 2082)**

1. **Birendra Bidhya Mandir Campus**, **Tikapur Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | UGC/BBMC/ NCB/01/ BUILD/2082/083 | Construction of Library Building at Birendra Bidhya Mandir Campus, Tikapur Municipality-01, Tikapur, Kailali | 11,884,968.52 | 3,50,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information at **Birendra Bidhya Mandir Campus**, **Tikapur Kailali** Or 091-560949/9848426075,email: **bmc.tkp@gmail.com or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.**
3. Interested bidders should submit only E-bid till **9th Sep 2025** before 12:00 hrs. through **PPMO e-GP System www. bolpatra.gov.np/ egp.** No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):- **Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office: - Birendra Bidhya Mandir Campus**, **Tikapur Kailali**
   **Office Account No.: -10700100768653000003**
5. Information to deposit the **Bid Security Amount** in Bank: -
   **Name of Bank: - Rastriya Banijya Bank Ltd., Lamki, Branch.**
   **Name of Office: - - Birendra Bidhya Mandir Campus**, **Tikapur Kailali**
   **Office Account No.: 4450100000174001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of **Birendra Bidhya Mandir Campus**, **Tikapur Kailali** (Mention Purpose of Deposit Stating Contract Identification Number clearly).
6. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days from the date of Bid Opening.
7. Pre-bid meeting shall be held at Birendra Bidhya Mandir Campus, Tikapur Kailali. at 13:00 hrs. on **29th Aug 2025.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at 14:00 hrs. on **9th Sept 2025** at Birendra Bidhya Mandir Campus, Tikapur Kailali.
10. The Campus reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
12. Any amendments on this notice shall be posted on Campus information board and on Campus website: www.birendracampus.edu.np

**Campus Chief**

एनपीएल अक्सन



## टोली र खेलाडी सूची

**चितवन राइनोज**
देव खनाल (१५ लाख), अर्जुन साउद (१५ लाख)

**विराटनगर किङ्स**
सूर्य तामाङ (१० लाख), शाहिल पटेल (५ लाख), नारायण जोशी (५ लाख)

**लुम्बिनी लायन्स**
दिलिप नाथ (१० लाख), विशाल पटेल (५ लाख), शेर मल्ल (१० लाख)

**सुदूरपश्चिम रोयल्स**
हेमन्त धामी (१० लाख), टेक रावत (२ लाख), दिपेन्द्र थापा (२ लाख)

**काठमाडौं गोर्खाज**
उत्तम थापा मगर (३ लाख), तुलबहादुर थापा (२ लाख), सन्तोष यादव (१० लाख), आकाश त्रिपाठी (७ लाख), आदिल अन्सारी (१५ लाख)

**पोखरा एभेन्जर्स**
अभिषेक तिवारी (२ लाख), अर्जुन कुमाल (५ लाख), कृष्ण पौडेल (२ लाख)

**जनकपुर बोल्ट्स**
सचिन भट्ट (२ लाख), आदित्य महता (५ लाख), मयन यादव (७ लाख ४५ हजार)

**कर्णाली याक्स**
पवन सर्राफ (१५ लाख), इमरान शेख (२ लाख), दिपक डुम्रे (२ लाख), युवराज खत्री (१० लाख)

# चार खेलाडीलाई सर्वाधिक मूल्य

**काठमाडौं/मस-** नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करणका लागि खेलाडी अक्सन सम्पन्न भएको छ। राजधानीमा शुक्रबार सम्पन्न अक्सनमा आठ टोलीले २६ खेलाडी अनुबन्ध गरेका छन् ।

यसपटक 'ए' श्रेणीका देव खनाल, अर्जुन साउद, पवन सर्राफ र आदिल अन्सारी सबैभन्दा महँगो मूल्यमा अनुबन्ध भएका छन् । ती चारै जनालाई अधिकतम १५ लाख रुपैयाँमा टोलीहरूले भित्र्याए । 'ए' श्रेणीको न्यूनतम मूल्य १० लाख र अधिकतम १५ लाख रुपैयाँ तोकिएको थियो।

चितवन राइनोजले देव खनाललाई लुम्बिनी लायन्ससँगको लक्की ड्रबाट पायो । त्यस्तै, अर्जुन साउदमाथि चितवन, विराटनगर किङ्स र कर्णाली याक्सले चासो देखाएपछि भएको लक्की ड्रमा फेरि चितवनले नै जित हात पाऱ्यो ।

पहिलो संस्करणमा चोटका कारण अक्सनमा नपरेका पवन सर्राफमाथि चितवन, लुम्बिनी, कर्णाली र विराटनगरले १५ लाखमा बोली लगाए। अन्ततः लक्की ड्रमा कर्णाली याक्सले उनलाई अनुबन्ध गर्न सफल भयो ।

सबैभन्दा बढी प्रतिस्पर्धा आदिल अन्सारीका लागि भयो । आठै टोलीले उनलाई भित्र्याउन बोली लगाएपछि लक्की ड्रमार्फत काठमाडौं गोर्खाज भाग्यमानी बन्यो । तीन वर्षअघि फिक्सिङको आरोपमा निलम्बित भएका आदिलले अदालतबाट सफाइ पाएका थिए । केही महिनाअघि क्रिकेट संघ नेपाल (क्यान) ले उनको प्रतिबन्ध फुकुवा गरेसँगै उनी पुनः मैदानमा फर्किएका हुन् ।

'ए' श्रेणीका अन्य खेलाडीमध्ये दिलिप नाथलाई लुम्बिनी लायन्सले र सूर्य तामाङलाई विराटनगर किङ्सले न्यूनतम १०-१० लाख रुपैयाँमा अनुबन्ध गरे । 'बी' र 'सी' श्रेणीका खेलाडीहरू पनि न्यूनतम मूल्यदेखि अधिकतम मूल्यसम्ममा अनुबन्ध भए । 'बी' श्रेणीमा ५ देखि १० लाख रुपैयाँ र 'सी' श्रेणीमा २ देखि ५ लाख रुपैयाँको मूल्य दायरा तोकिएको थियो ।

अक्सनपछि पनि सबै टोलीले आफ्नो खेलाडी कोटा पूरा गरिसकेका छैनन् । यो संस्करणमा कम्तीमा ३७ खेलाडी भित्र्याउन सकिने व्यवस्था छ । अहिले २६ खेलाडी अनुबन्ध भइसकेकाले बाँकी ११ खेलाडी टोलीहरूले 'विश लिस्ट'मार्फत छनोट गर्नेछन् ।

# खेलमैदान स्थानीय तह र प्रदेशलाई हस्तान्तरण गर्ने तयारी

**झापा/मस-** युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुदका माध्यबाट पर्यटक भित्र्याउने योजनामा सरकारले काम गरिरहेको बताएका छन् ।

काँकडभिट्टा खेलमैदानको शनिबार निरीक्षण गर्दै उनले पूर्वीनाकामा रहेको खेलमैदानमार्फत काँकडभिट्टाले नेपालमा पर्यटक भित्र्याउन सक्ने भनाइ राखे । मन्त्री चौधरीले संघीय सरकारले काँकडभिट्टा खेलमैदानको स्तरोन्नतिका लागि चालु आर्थिक वर्ष २०८२/८३ मा तीन करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिए ।

'क्रिकेट, फुटबल र भलिबल खेलेर नेपाली खेलाडीले लाखौँलाख आर्जन गरेका थुप्रै उदाहरण छन्,' उनले स्थानीय जनप्रतिनिधि, खेलाडी र खेलप्रेमीहरुलाई सम्बोधन गर्दै भने, 'दुई ठुला देशको बीचमा छौं हामी । एसियाली राजमार्ग निर्माणपछि काँकडभिट्टा खेलमैदानको महत्व अन्तरराष्ट्रिय रुपमा बढेर जानेछ ।'

उनले खेलकुद क्षेत्र मनोरञ्जन, स्वास्थ्य र पर्यटनको माध्यम भएको जनाउँदै देशको पहिचान बढाउन काँकडभिट्टाले उत्पादन गरेका खेलाडीको अतुलनीय योगदान रहेको चर्चा गरे ।

सरकारले खेलकुद क्षेत्रका लागि अहिले छ अर्ब रुपैयाँ बजेट छुट्याएको उल्लेख गर्दै मन्त्री चौधरीले खेलमैदान स्थानीय तह र प्रदेशलाई हस्तान्तरण गर्ने तयारी भइरहेको जानकारी दिए । काँकडभिट्टा खेलमैदानले चर्चेको जग्गा ग्रामीण आवास कम्पनीको भएको विषयमा उनले छिटोभन्दा छिटो खेलमैदानको जग्गा स्थानीय तहको स्वामित्वमा ल्याउनुपर्ने बताए । उनले खेलमैदानको जग्गाको स्वामित्व पालिकाको नाममा ल्याउन र त्यसको पूर्वाधार विकासमा सघाउन सरकार तयार रहेको बताए । त्यस अवसरमा मेचीनगरका नगरप्रमुख गोपाल बुढाथोकी, उपप्रमुख मीना उप्रेती, पूर्वनगरप्रमुख विमल आचार्यलगायतले काँकडभिट्टाको खेलकुद गतिविधि र मैदानका समस्या बारेमा मन्त्री चौधरीको ध्यानाकर्षण गराएका थिए । मन्त्री चौधरीले शनिबार मेचीनगरको चारआलीमा आयोजना भएको इन्डो-नेपाल इन्टरस्कुल कराते प्रतियोगिताको उद्घाटन पनि गरेका छन् ।

# चितवनमा साम्बा सम्मानित

**अनिल बानियाँ/मध्यान्ह**
चितवन, २४ साउन

महिला राष्ट्रिय फुटबल टिमकी कप्तान सावित्रा भण्डारी 'साम्बा' सम्मानित भएकी छन् । 'खेल स्वास्थ्यका लागि, खेलाडी राष्ट्रका लागि' भन्ने मूल नाराका साथ सरस्वती युवा क्लब, भरतपुर-१५, चितवनले शनिबार साम्बालाई सम्मान गरेको हो ।




क्लबले साम्बालाई नगद एक लाख रुपैयाँसहित सम्मानपत्र प्रदान गऱ्यो । उनको लमजुङदेखि अन्तर्राष्ट्रिय महिला फुटबलसम्मको योगदानको कदर गर्दै उनलाई सम्मान गरिएको क्लबले जनाएको छ ।

कार्यक्रममा क्लबकी पूर्वअध्यक्ष शर्मिला थापा र विदुर केसीले सावित्रा भण्डारीको जीवनीबारे संक्षिप्त प्रस्तुति दिँदै लमजुङको विकट बस्तीबाट अन्तर्राष्ट्रिय फुटबल मञ्चसम्मको उनको संघर्षपूर्ण यात्राबारे प्रकाश पारे ।

साम्बाले कार्यक्रममा सहभागी सबैप्रति आभार व्यक्त गर्दै भनिन्, 'दुःख र संघर्ष मेरो जीवनमा नौलो कुरा होइन । तर चितवनवासी र श्री सरस्वती युवा क्लबबाट पाएको मान-सम्मान जीवनभर बिर्सने छैन ।' उनले आफ्नो सफलताको कथा र अहिलेसम्मको यात्राबारे भावुक शैलीमा सुनाइन् ।

कार्यक्रमको अध्यक्षता सुवास सिलवालले गरेका थिए । विशेष अतिथिहरूमा भरतपुर-१४ का वडा अध्यक्ष राजेन्द्र सांखी, वडा १५ का अध्यक्ष श्रीकृष्ण देवकोटा, बागमती प्रदेश खेलकुद विकास समिति भरतपुर-चितवनका अध्यक्ष राजन कार्की, वरिष्ठ समाजसेवी एवं क्लबका जग्गादाता एकबहादुर पन्त, क्लब सल्लाहकार विदुर केसी र नरेन्द्र आचार्य, पूर्व अध्यक्ष शेरबहादुर विक, दीपक विष्ट, देवेन्द्र थापा, शर्मिला थापा तथा कार्यक्रम संयोजक घनश्याम केसी रहेका थिए ।

कार्यक्रममा भरतपुर-१४ र १५ का विभिन्न संघ-संस्था, क्लब, आमा समूह र टोल विकास संस्थासहित करिब तीन दर्जन सामाजिक संगठनका अध्यक्ष एवं प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

क्लब अध्यक्ष सुवास सिलवालका अनुसार कार्यक्रममा पाँच हजारभन्दा बढी शुभचिन्तक र प्रशंसकहरूको उपस्थिति रहेको थियो । यसरी चितवनमा पहिलोपटक यति ठुलो संख्यामा बालबालिका, युवा, महिला र वृद्धवृद्धाको सहभागिता रहेको थियो ।

सचिव राजु केसीले सञ्चालन गरेको कार्यक्रममा घनश्याम केसीले स्वागत मन्तव्य राखेका थिए ।

# कोटेश्वर अन्तर डोजाङ तेक्वान्दो सम्पन्न




**काठमाडौं/मस-**कोटेश्वर तेक्वान्दो डोजाङको आयोजनामा १३ औं कोटेश्वर अन्तर डोजाङ तेक्वान्दो प्रतियोगिता शनिबार सम्पन्न भएको छ ।

प्रतियोगितामा विभिन्न २० डोजाङका २ सय ५० भन्दा बढी खेलाडीले प्रतिस्पर्धा गरेको आयोजक डोजाङका प्रमुख एवं तेक्वान्दोका वरिष्ठ प्रशिक्षक नवीनकुमार श्रेष्ठले जनाएका छन् । विभिन्न ३५ स्पर्धामा खेल भएको थियो ।

प्रतियोगितामा नयाँदेखि ब्ल्याकबेल्टसम्मका खेलाडी सहभागी थिए । निर्णायक पनि नयाँ थिए । प्रतियोगिताको मुख्य उद्देश्य प्रतियोगितासंगै नयाँ खेलाडी र निर्णायकलाई तेक्वान्दोको व्यवहारिक पक्ष बारे अझ विस्तृत जानकारी गराउनु रहेको प्रमुख श्रेष्ठले बताए ।

विजेतालाई बागमती प्रदेशका पूर्व सभामुख सानुकुमार श्रेष्ठ, काठमाडौं महानगरपालिका वडा ३२ का अध्यक्ष नवराज पराजुली, ग्लोबल ट्रेडिसनल तेक्वान्दो फेडरेसनका अध्यक्ष राजकुमार दराई, आयोजक डोजाङ प्रमुख श्रेष्ठ, अभिभावकलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

सो अवसरमा दक्षिण कोरियामा भएको वर्ल्ड ओलम्पिक्सको सिनियर ३०-३९ वर्ष उमेरसमूहको एकल पुम्से र ६८-७२ केजीमा कांस्य तथा वर्ल्ड पिस तेक्वान्दो च्याम्पियनसिपको सिनियर एकल पुम्सेमा स्वर्ण जित्न सफल राजकुमार दराईलाई प्रशंसा पत्रसहित सम्मान गरिएको थियो । एकदिने प्रतियोगिताका खेलहरु पेप्सीकोलाको यतिटोलस्थित आयोजक डोजाङको आफ्नै हलमा भएको थियो ।


## भागेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बगरकोट, डडेल्धुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०४/२५)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा ६, सोही ऐनको परिच्छेद ३ को दफा ६४ को उपदफा १(च) र भागेश्वर गाँउपालिकाको आर्थिक ऐन, २०८२ को दफा ११ को व्यवस्था अनुसार यस गाँउपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् गरी बिक्रि गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र फारम दस्तुर बापतको बैक भौचर साथ निवेदन पेश गरी उल्लेखित शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. स. | ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्का अंक रु. मा (कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | BRM/DAD/GOODS/2082/083/01 | डोटी खोला, चुल्लीगाड ठुलिगाड साइट १ खुल्लाखेत (पुल भन्दा तल) | ११३००।०० | रु.१५,९४,६४७।०४ | रु.४०,०००।०० | रु.१,०००।०० |
| २ | BRM/DAD/GOODS/2082/083/02 | डोटी खोला, चुल्लीगाड ठुलिगाड साइट २ र ३ (खुल्लाखेत पुलभन्दामाथि) | १५९३७।०० | रु.२२,४८,९७५।११ | रु.५६,५००।०० | रु.३,०००।०० |
| ३ | BRM/DAD/GOODS/2082/083/03 | माहाकाली नदी | २७०००।०० | रु.३८,१०,२४०।०० | रु.९५,५००।०० | रु.३,०००।०० |
| ४ | BRM/DAD/GOODS/2082/083/04 | पर्छेटा राडिल खोला साइट १, २ र ३ राडिल, बुने | १२६१९।९५ | रु.१७,८०,९२७।३४ | रु.४४,५००।०० | रु.३,०००।०० |
| ५ | BRM/DAD/GOODS/2082/083/05 | पर्छेटा राडिल खोलासाइट ४ र ५ मेलाघाट | १४५९४।५० | रु.२०,५९,५७५।८४ | रु.५१,५००।०० | रु.३,०००।०० |
| ६ | BRM/DAD/GOODS/2082/083/06 | पर्छेटा राडिल खोला साइट ६ र ७ पर्छेटा | ६९३८।८९ | रु.९,७९,२१६।१६ | रु.२४,५००।०० | रु.१,०००।०० |
| ७ | BRM/DAD/GOODS/2082/083/07 | सुर्नया खोला | ७०००।०० | रु.९,८७,८४०।०० | रु.२५,०००।०० | रु.१,०००।०० |
| ८ | BRM/DAD/GOODS/2082/083/08 | घोरडीगाड | ५६४०।०० | रु.७,९५,९१६।८० | रु.२०,०००।०० | रु.१,०००।०० |
| ९ | BRM/DAD/GOODS/2082/083/09 | ठुलीगाड साइट १ कुर्गायल | ५५९५।०० | रु.७,८९,५६६।४० | रु.२०,०००।०० | रु.१,०००।०० |
| १० | BRM/DAD/GOODS/2082/083/10 | ठुलीगाड साइट- २ असुनी ढाड र साइट- ३ बडुवा | ८६५०।०० | रु.१२,२०,६८८।०० | रु.३१,०००।०० | रु.१,०००।०० |
| ११ | BRM/DAD/GOODS/2082/083/11 | नानीगाड साइट- १ ढडानी र सेरा | १०५००।०० | रु.१४,८१,७६०।०० | रु.३७,५००।०० | रु.१,०००।०० |
| १२ | BRM/DAD/GOODS/2082/083/12 | नानीगाड साइट- २ भुमदेउली | ३३२२।०० | रु.४,६८,८००।६४ | रु.१२,०००।०० | रु.१,०००।०० |
| १३ | BRM/DAD/GOODS/2082/083/13 | सिराडीगाड घटालथान | २३९१।०० | रु.३,३७,४१७।९२ | रु.८,५००।०० | रु.१,०००।०० |
| १४ | BRM/DAD/GOODS/2082/083/14 | रुपालीगाड (रुद्रावतीखोला) साइट-१ गैरीघाट | ६१६२।०० | रु.८,६९,५८१।४४ | रु.२२,०००।०० | रु.१,०००।०० |
| १५ | BRM/DAD/GOODS/2082/083/15 | रुपालीगाड (रुद्रावतीखोला)साइट-२ रुइनापाटा | ७३८०।०० | रु.१०,४१,४६५।६० | रु.२६,५००।०० | रु.१,०००।०० |

| | |
|---|---|
| **बोलपत्र खरिद गर्ने स्थान, अन्तिम मिति र समय** | भागेश्वर गा.पा. कार्यालय बगरकोट डडेल्धुरा २०८२/०५/२३ गते कार्यालय समय भित्र |
| **बोलपत्र पेश गर्ने स्थान, अन्तिम मिति र समय** | भागेश्वर गा.पा. कार्यालय बगरकोट डडेल्धुरा २०८२/०५/२४ गते दिउसो १२ बजे भित्र |
| **बोलपत्र खोल्ने स्थान, अन्तिम मिति र समय** | भागेश्वर गा.पा. कार्यालय बगरकोट डडेल्धुरा २०८२/०५/२४ गते दिउसो २ बजे |
| **आन्तरिक राजस्व खाता नं.** | सानिमा बैंक, भागेश्वर शाखा<br>भागेश्वर गा.पा. आन्तरिक राजस्व खाता ग.१.१<br>०७००१००४००००००२ |
| **धरौटी खाता नं.** | सानिमा बैंक, भागेश्वर शाखा<br>भागेश्वर गा.पा. आन्तरिक धरौटी खाता ग.३<br>०७००१००४००००००४ |

गो.हु.का.द.नं. ३३/०६९/०७०
२५ साउन २०८२ आइतबार
10 August 2025 Sunday



# पाँच हजार नेपालीलाई उद्यमी बनाउने क्यानडेली व्यवसायी आदित्य झाको सपना

**हेमन्त जोशी**

तराईको सामान्य गाउँ र पारिवारिक पृष्ठभूमिबाट सुरू भएको उनको जीवन यात्रा हाल अन्तर्राष्ट्रिय जगत्सम्म फैलिएको छ । एक सफल उद्यमी, परोपकारी, समाजसेवीका रूपमा परिचित उनका अनुभव यस आलेखमा खोतल्ने प्रयास गरिएको छ । उनले नेपालमा लगानीका लागि गरेका प्रयास ।

नेपाली मूलका क्यानडेली व्यवसायी । 'अर्डर अफ क्यानडा' प्राप्त सफल उद्यमी । डिजी मार्केट इन्टर नेसनलका संस्थापक । महोत्तरी जिल्लाको सीमावर्ती क्षेत्र मधवा गाउँमा जन्मिएका हुन्, आदित्य झा । उनी नेपालमा उद्यमशीलता विकास गर्नका लागि लोभलाग्दा अवसर रहेको बताउँछन् ।

झाको दाबी छ, 'यदि मलाई नेपालमा काम गर्ने मौका दिइयो भने म परिणाम पनि दिन सक्छु । कसरी जम्मा एक जनाले सिंगापुर बनाउन सक्छ ? किन नेपालमा त्यस्तो दूरदर्शी नेता छैन ?'

थुप्रै नेपाली विदेश गएर उद्यम व्यवसायीमा जमेका छन् । लोभलाग्दा सफलता छन् । उनीहरूले नेपाललाई साँच्चिकै माया गर्छन् र फर्किएर यहीँ काम गर्न चाहन्छन् ।

**त्यसका लागि के गर्नुपर्ने हो ?**

'पलायन नेपालमा सामाजिक रोग बनेको छ । किनभने यहाँका धेरैजसो युवाले सोच्छन्, हामी गरिब छौँ, हाम्रो जीवन राम्रो छैन । सरकारी जागिर खोज्ने वा विदेश जानुलाई जीवनको ठूलो उपलब्धि ठान्छन् । तर, उनीहरूलाई साना व्यवसायमार्फत आत्मनिर्भर बनाउन सकिन्छ । ५० हजारदेखि १० लाख रुपैयाँसम्मको पुँजी दिएर क्रमिक रूपमा सशक्त उद्यमी बनाउन सकिन्छ', उनी भन्छन् ।

सन् २०१८ देखि २०२३ सम्म झा नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयअन्तर्गत खरिद व्यवस्थापनमा जोडिएको सफ्टवेयर प्रणाली सञ्चालनसँग जोडिए । 'मेरो कम्पनीले त्यहाँ पाँच वर्षसम्म काम गऱ्यो । ठूलो टोली थियो । तर पछि अर्को कम्पनीलाई काम दिइयो । अहिले सुनिरहेको छु, खरिदसँग सम्बन्धित अनलाइन प्रणाली फेरि अस्तव्यस्त छ', उनले सुनाए ।

नेपालको खरिद प्रक्रियालाई 'ग्लोबल सेन्टर अफ एक्सिलेन्स' बनाउने योजनाले काम गरेको उनी भन्छन् । तर अस्थिरता र भ्रष्टाचार ? को कोपभाजनमा पऱ्यो उनको योजना । 'नेपालमा न काम हुन्छ न भ्रष्टाचार रोकिन्छ । अरू देशमा पनि भ्रष्टाचार हुन्छ, तर कम्तीमा काम त हुन्छ । यहाँ त केवल भ्रष्टाचार हुन्छ, काम नै हुँदैन', यो उनको कटु अनुभव हो ।

'सबैभन्दा पहिले खराब कर्मचारी र विचौलियाबाट बचाइदेऊ । किनभने अहिले भइरहेका धेरै काममा आसेपासेहरूले फाइदा उठाइरहेका छन्', उनको भनाइ थियो ।

नेपालमा झाका नराम्रा अनुभव मात्रै रहे । उनलाई लाग्छ, आलोचनात्मक राजनीतिक सोच राखेर इमान्दारीपूर्वक काम गर्ने र योग्य मान्छेहरू ल्याएर जिम्मेवारी दिने हैसियत अहिले नेपालको राजनीतिमा छैन । नेपाल त्यसका लागि तयार पनि छैन । सूचना प्रविधि र कृत्रिम बौद्धिकताको क्षेत्रमा नेपालले धेरै गर्न सक्छ । तर, त्यसका लागि व्यवसायीलाई कुनै हस्तक्षेप नगरी काम गर्न दिनुपर्छ ।

'बीस वर्षअघि भियतनाम कहाँ थियो र नेपाल कहाँ थियो ? तर अहिले भियतनाम कहाँ पुग्यो ? नेपाल किन रोकियो भन्ने कसैले प्रश्न गर्दैन ।' उनको बुझाइमा राजनीतिक दूरदर्शिता भएको नेतृत्व नेपालले पाउन सकेन । नागरिकमा पनि 'यो मेरो देश हो' भन्ने भावना नहुनु र देशलाई माया गर्ने भावना हराउनुलाई पनि उनी समस्याका रूपमा देख्छन् ।

'राष्ट्रको समृद्धिमा राजनीतिज्ञको ठूलो भूमिका हुन्छ', उनले भने ।

**कस्तो भूमिका ?**

'मुलुकको समृद्धि भनेको दियोजस्तो हो । दियो आफैँ बल्छ, तर हावा चल्दा निभ्न नदिन केही चाहिन्छ । राजनीति भनेको त्यही हावा लाग्दा दियो निभ्न नदिने छेकबार हो ।'

उनले भारतको आन्ध्र प्रदेशका मुख्यमन्त्री चन्द्रबाबु नायडुलाई उदाहरण दिँदै भने, 'एक नेताको भिजनले हैदरावादलाई आइटी हब बनायो । जब उनले हैदरावादलाई सूचना प्रविधिमा लैजान सुरू गरे, त्यसबेला कसैले हैदरावाद चिनेका थिएनन् । भारतमा बैंगलोर, चेन्नई, दिल्ली र मुम्बई मात्र चर्चामा थिए । तर अहिले हैदरावाद कहाँ पुग्यो ?'

उनलाई लाग्छ, यस्तै केही राजनीतिक दृष्टिकोण भएका नेताहरू र केही उद्यमीहरू मिलेर अघि बढ्नसके नतिजा देखिन्छ ।

'नेपालले सूचना प्रविधि, कृत्रिम बौद्धिकताजस्ता क्षेत्रलाई प्राथमिकता दिएर पाँच-दश उद्यमी पहिचान गरेर भन्नुपर्छ, 'हामी तिमीहरूलाई छुँदैनौँ, जाऊ, संसार जितेर आऊ, नेपालबाट केही बनाऊ, त्यसपछि हेरौँ, कस्तो नतिजा आउँछ', झाको उत्साही निष्कर्ष थियो ।

नेपाल अहिले सूचना प्रविधि क्षेत्रलाई प्राथमिकता दिइरहेको छ । झाको विज्ञताको क्षेत्र पनि आईटी भएकाले यस क्षेत्रमा किन नजाने ? जवाफमा उनले अर्को तितो अनुभव सुनाए ।

आइटीमा आफूले पाएको सफलताको अनुभवमा उनी भन्छन्, 'तपाईं नेपालको आइटी क्षेत्रमा काम गर्नुहुन्छ भने तपाईंको सफलता फरक हुन्छ, त्यही व्यक्ति पटना (भारत) मा आइटी पेसामा भए अर्को हुन्छ ।'

अहिले झा विद्युतीय सार्वजनिक खरिद (इ-प्रोक्युरमेन्ट) र बोलपत्र व्यवस्थापन गर्ने विश्वकै पुरानो र ठूलो कम्पनीमध्ये कम्पनी डिजिमार्केट इन्टरनेसनल इन्कको नेतृत्व गरिरहेका छन् । यो कम्पनीका ९ देशमा कार्यालय छन् । कतै एक जना मात्र कर्मचारी छन्, कतै तीन जना । भारतमा सबैभन्दा धेरै ८० हाराहारी कर्मचारी छन् । तर झाको सपना भनेको नेपालमै यसलाई विशाल बनाउने थियो ।

**किन यस्तो सफलता नेपालमै सम्भव भएन ? क्यानडा नै किन जानुपऱ्यो ? किन यस्तो सफलता नेपालमै बन्न सक्दैन ? किन मानिसहरू विदेश गएर मात्रै राम्रो गर्छन् ? यहाँ यो किन सम्भव भएको छैन ? अनि विदेश गएर सफल भएका नेपालीहरूले फर्केर यहाँ आएर यस्तो बनाउन सक्छन् कि सक्दैनन् ?"**

उनलाई लाग्छ- सायद नेपालको राजनीतिक अस्थिरता, प्रशासनीक उल्झन, भनसुनको प्रवृत्ति मुख्य समस्याहरू हुन् ।

'म टोरन्टोमा बसेको मान्छे, मलाई थाहा छैन त्यहाँको प्रहरी कमिस्नर को हुन् । मलाई थाहा हुनु पनि पर्दैन । तर नेपालमा मानिसहरू गर्वका साथ भन्छन्, 'म फलानो डीएसपीलाई चिन्छु, फलानो मन्त्री, फलानो जिल्लाको सीडीओलाई चिन्छु', झाको जवाफ थियो ।

भनसुन प्रवृत्ति नेपालको समस्या हो । अरु देशमा नागरिकलाई सबै नेताको नाम थाहा नहुन सक्छ । किनभने उनीहरूलाई थाहा हुनुपर्ने नै हुँदैन । 'तपाईं आफ्नो काम गर्नुहोस्, त्यसैमा महत्व छ । यो नै सभ्य समाजको चिनारी हो ।'

उनले अगाडि थपे, 'हामी नेपाल सानो देश भन्छौँ । तर सिंगापुर पनि त सानो नै हो । युरोपका धेरै देश त नेपालभन्दा पनि साना छन् । तर तिनको विकासमा भूगोलले कहिले रोक लगाएन । समस्या हाम्रो सोचाइ र संरचनामा छ ।'

सन् २००३ तिर झालाई व्यावसायिक सफलता मिलिरहेको बेला उनको मनमा एउटा सपना पलायो, 'नेपालमा पनि आइआइटीजस्तो संस्था कसरी सुरू गर्न सकिएला ?'

त्यो बेला भारतमा जम्मा चार/पाँच वटा मात्र आइआइटी थिए । अहिले त्यो संख्या निकै बढिसकेको छ । उनले सम्झिए, 'तपाईं इतिहास हेर्नुहोस्, अक्सफोर्ड, क्याम्ब्रिज, हार्वर्डजस्ता विश्वविद्यालयहरू पनि व्यापारीहरूको आर्थिक सहयोगबाट नै राम्रो बनेका हुन् । तर ती विश्वविद्यालय स्वतन्त्र थिए । व्यवसायीहरूले पैसा त दिए, तर चलाउने उनीहरूले होइन ।'

झाले नेपालका विद्यालयहरूलाई सहयोग गर्ने चाहना राखेका थिए । तर नेपालमा अवस्था फरक छ । उनी भन्छन्, 'कुनै ट्रस्ट बनाइयो भनेर नाफारहित त भनिन्छ, तर नाफा चाहिँ व्यक्तिको खल्तीमा जान्छ । अस्पताल ट्रस्टको नाममा खोलिन्छ, तर पैसा घुमाएर उनीहरूकै खल्तीमा । यो प्रवृत्ति नेपाल, भारत, पाकिस्तान, बगंलादेश र श्रीलंकामा उस्तै छ ।'

नेपालमा काम गर्ने उनका अनुभव खासै राम्रो रहेनन् । 'जब मैले राम्रो पैसा कमाएँ, तब लाग्यो- किन काठमाडौं वा नेपालमा एउटा आइआइटीजस्तो संस्था हुँदैन', उनले दुई दशक अघिको प्रयास सम्झिए । नेपालमा करिब १ सय करोड लगानी गरेर एउटा इन्स्टिच्युट अफ टेक्नोलोजी खोल्ने । व्यवसाय वा नाफाका लागि होइन, सरकारी मापदण्डमा चल्ने तर प्राइभेट- हार्वर्ड, एमआइटी जस्तै ।

झाले अनुभव सुनाए, 'म करिब एक वर्षसम्म त्यसमा लागेँ । क्यानडाबाट मान्छे झिकाएँ । तर म असफल भएँ । त्यो बेला म अलि अनुभवहीन थिएँ । आजको दिनमा गर्ने भए अर्कै शैलीमा गर्थें । किनकि अहिले मैले नेपाललाई धेरै बुझिसकेको छु ।'

त्यो प्रोजेक्ट व्यावसायिक फाइदाको लागि थिएन भन्ने बुझाउन सकिएन कि जस्तो लाग्छ झालाई ।

**उनको दोस्रो अनुभव पनि उस्तै ।**

अमेरिकामा बस्ने झाका एकजना प्रोफेसर साथी आएर भने 'आदित्यजी, तपाईंले काठमाडौंका स्कुलमा कम्प्युटर बाँड्नका लागि लागि पैसा दिनुपर्छ ।'

झाले सोधे, 'कति चाहिन्छ ?'साथीले भने '१० वटा स्कुलका लागि डेस्कटप ।'

सायद झाले करिब १० हजार डलर दिए । केही महिनापछि थाहा भयो - कम्प्युटर स्कुलमा त पुगेछन्, तर चल्दैनन् । भएछ के भने, झाले विश्वास गरेको व्यक्ति नेपालका एक मन्त्रीका भतिजा रहेछन् । उनीहरूले नयाँ कम्प्युटर किन्नुपर्नेमा पुराना किने । ढुवानीमा धेरै पैसा खर्च गरे । अनि ती कम्प्युटर स्कुलमा राखिदिए । यो कुरा झालाई थाहा भएपछि झाले आफ्नो साथीलाई त्यो प्रोजेक्टबाट आफ्नो नाम हटाउन भने । यो प्रयास पनि असफल भयो ।

नेपालमा यति धेरै असफलता भोगेपछि झाले आफ्नो परोपकारी कामलाई क्यानडामै केन्द्रित गरे । अहिले उनको नामबाट तीन विश्वविद्यालय र दुई कलेजमा १४ वटा अक्षयकोष स्थापना छन्, टोरन्टो मेट्रोपोलिसन युनिभर्सिटी, योर्क युनिभर्सिटी, ट्रेन्ट युनिभर्सिटी, जर्ज ब्राउन कलेज, सेन्टेनियल कलेजमा झाका अक्षयकोषबाट करिब ७० हजार क्यानेडियन डलर बराबरको छात्रवृत्ति हरेक वर्ष वितरण हुन्छ । बीसभन्दा बढी विद्यार्थी लाभान्वित हुन्छन् । उनको लक्ष्य यो बढाएर डेढ करोड क्यानेडियन डलरसम्म पुऱ्याउने छ । साथै उनी क्यानाडाका आदिवासी (अबोरिजिनल) समुदायलाई पनि उद्यमशील बनाउन खटिरहेका छन् ।

यद्यपि, अहिले पनि झाका मनमा एउटा ठूलो सपना बाँकी छ, नेपाल र बिहारका साना उद्यमीलाई सहयोग गर्ने । यसपटक भने उनको ध्यान 'आइटी' वा शिक्षा क्षेत्रमा छैन, उद्यमशीलतामा छ । 'नेपालमा झण्डै एक हजारदेखि पाँच हजारसम्म र त्यति नै संख्यामा विहारमा पनि साना उद्यम सिर्जना गर्न चाहन्छु', उनी भन्छन् ।

गाईपालन, बाखापालन, कुखुरापालन, तरकारी पसल, सैलुनजस्ता साना स्वरोजगारमूलक व्यवसायमा मानिसहरूलाई कसरी लगानी गर्ने, व्यवसाय चलाउने र पुँजी जोगाउने भनेर सिकाउने उनको मुख्य ध्येय हो ।

'यदि मैले ५० जिल्लामा पुगेर हरेक जिल्लामा कम्तीमा २०-२५ जनालाई व्यवसाय गराउन सक्छु भने त्यसको प्रभाव निश्चित रूपमा देखिनेछ । मेरो टोलीले उनीहरूलाई उद्यम कसरी गर्ने र नाफामा कसरी लैजाने भनेर सिकाउनेछ । यही मेरो अन्तिम सपना परियोजना हुनेछ । यही मेरो पूजा हुनेछ । यही पशुपति, काशी र केदारनाथ हुनेछ ।' झालाई लाग्छ- नेपालमा शिक्षाभन्दा उद्यमशीलता अझ धेरै प्राथमिकताको विषय हो ।

*-रासस*

## अवलोकनकर्ताको आकर्षण बढेसँगै नाइमा अटो सो एक दिन थप

**काठमाडौं/मस-** नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) द्वारा आयोजित 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५'मा अपेक्षा गरे भन्दाबढी दर्शकको आगमनले प्रदर्शनी स्थलमा रौनक छाएको छ । ५ दिन खुल्ने भनिएको एक्स्पोमा अवलोकनकर्ताहरूको मागलाई थोरै समयमा सम्बोधन गर्न गाह्रो भएपछि नाइमाले एक दिन प्रदर्शन अवधि थप गरेको हो ।



आफूलाई मनपर्ने सवारीसाधनहरू अवलोकन गर्ने, सोधपुछ गर्ने, बुकिङ गर्ने, साथै खरिद गर्नेहरूको घुइँचो रहेको प्रदर्शनी शनिबारको मुसलधारे पानीमा पनि निर्वाध सञ्चालन भयो । अरु दिन कार्यालयको कामकाजमा व्यस्त रहने व्यक्तिहरूले शनिबार उत्साहकासाथ प्रदर्शनीमा सहभागिता जनाएका थिए ।

एक्स्पोका प्रारम्भिक तीन दिनमा सर्वसाधारणका साथै वरिष्ठ कलाकार, कुटनीतिक नियोगका कर्मचारी, सरकारी तथा गैरसरकारी संस्थाका व्यक्तिहरू, व्यापारी लगायत समाजका सबै तहका व्यक्तिले उपस्थिति जनाएको आयोजकले जनएको छ । प्रदर्शनीको पहिलो दिन पन्ध्र हजार, दोश्रो दिन साढे तेह्र हजार, तेस्रो दिन साढे उन्नाइस हजार र शनिबार एक्काइस हजार पाँच सय अवलोकनकर्ताहरूले नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५मा सहभागिता जनाएका छन् ।

नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५मा ५० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डहरू सहभागी भएका छन् ।

## कृषि विकास बैंकको नाफा ४२ प्रतिशतले बढ्यो

**काठमाडौं/मस-** कृषि विकास बैंकले अहिलेसम्मकै इतिहासमा सबैभन्दा बढी नाफा आर्जन गर्न सफल भएको छ । बैंकले आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरणमा गत आर्थिक वर्ष (आव)को चौथो त्रैमासमा ४ अर्ब १५ करोड ४४ लाख खुद मुनाफा गर्न सफल भएको हो । जुन गत आवको तुलनामा बैंकले ४२ प्रतिशत नाफा बढाउन सफल भएको छ ।




बैंकको सञ्चालन मुनाफामा उल्लेख्य वृद्धि हुँदा खुद मुनाफा पनि वृद्धि भएको छ । अघिल्लो आवमा ९ अर्ब ७६ करोड रहेको सञ्चालन मुनाफा यो वर्ष ११ अर्ब ८९ करोड पुगेको छ । त्यस्तै, बैंकले खुद ब्याज आम्दानी ९ अर्ब ८२ करोड पुऱ्याउन सफल भएको छ ।

विवरण अनुसार बैंकसँग लाभांश क्षमता १८.५३ प्रतिशत रहेको छ । २ अर्ब ८७ करोड वितरणयोग्य मुनाफा रहेको छ । बैंकले कर्जा जोखिममा ध्यान दिँदा गैर-सञ्चालन कर्जा अनुपात घटेर ३ दशमलव २६ प्रतिशतमा ल्याउन सफल भएको छ । जुन अघिल्लो आवमा एनपिएल ३ दशमलव ९१ प्रतिशत पुगेको थियो ।

साथै, बैंकले गत आवमा २ खर्ब ९३ अर्ब ५७ करोड निक्षेप संकलन गर्न सफल भएको छ भने २ खर्ब १३ अर्ब २ करोड कर्जा लगानी गरेको छ । गत आवको असार मसान्तसम्म बैंकको कुल सम्पत्ति ३ खर्ब ६२ अर्ब ५० करोड पुगेको तथ्यांकमा उल्लेख छ ।

## वर्षासँगै मधेशमा धमाधम रोपाइँ

**वीरगञ्ज/मस-** पर्साका सखुवाप्रसौनी गाउँपालिका-२ का किसान शम्भुप्रसाद यादवलाई १० दिन अघिसम्म मधेश प्रदेशमा देखिएको सुख्खाग्रस्त खडेरीका कारणले सबै खेतमा धान रोप्न पाइँदैन कि भन्ने चिन्ता थियो । तर, पछिल्लो साता यहाँ परेको आकाशेपानीका कारण उनले सबै खेतमा धान रोपिसकेका छन् ।



'आकाशेपानी पर्नु अघि नै साढे नौ विघामा जेनतेन रोपाइँ गरिसकेका थियौं, तर, डेढ विघामा लगाएको चैते धान भित्र्याउन ढिला भएकाले रोपाइँ गर्न सकेका थिएनौँ', उनले भने, 'एक सातायता यहाँ दिनहुँजसो पानी परेसँगै बाँकी खेतमा पनि धान रोपेका छौँ ।'

यादवले ढिलै भएपनि आकाशेपानी परेपछि यहाँका किसान उत्साही भएको बताए । 'एक त चैतेधान भित्र्याउनै ढिलो भयो, अर्कोतर्फ नियमित बिजुली नआउँदा पनि बोरिङमार्फत पानी निकालेर रोप्न गाह्रो भयो ', उनले भने ।

मधेश प्रदेश कृषि विकास निर्देशनालयका वरिष्ठ वागवानी विकास अधिकृत प्रदीपकुमार यादव मधेश प्रदेशमा आकाशेपानी परेसँगै धान रोपाइँ धमाधम भइरहेको बताए । 'यही साउन १६ गतेसम्म मधेश प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये ५७ दशमलव २७ प्रतिशतमा मात्रै धान रोपाइँ भएको थियो, पछिल्लो एक सातामा थप १९ दशमलव २७ हेक्टरमा धान रोपाइँ भएको छ', उनले भने ।

निर्देशनालयका अनुसार यही साउन २३ गतेसम्म मधेश प्रदेशमा आठ जिल्लामा धान रोपाइँ कूल ७६ दशमलव ५४ प्रतिशत अर्थात दुई लाख ८५ हजार दुई सय ३४ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ । सबैभन्दा धेरै बारामा ९५ प्रतिशत, पर्सामा ९२ प्रतिशत र रौतहट जिल्लामा ८५ दशमलव ९ प्रतिशत धान रोपाइँ भएको छ । सर्लाहीमा पनि ७५ प्रतिशत, धनुषामा ७० प्रतिशत, महोत्तरीमा ६१ दशमलव ५ प्रतिशत, सप्तरीमा ७० प्रतिशत र सिरहामा ७० प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।

आकाशेपानी परेसँगै बाराका कृषकहरूमा पनि उत्साह थपिएको कृषि ज्ञान केन्द्र बाराका प्रमुख राज नारायणप्रसाद साहले बताए । उनले भने, 'आकाशेपानी परेसँगै धानको रोपोलाई धेरै हदसम्म राहत भएको छ । धान नरोपिएको ठाउँमा पनि धमाधम धान रोपाइँ भइरहेको छ ।'

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहाले आकाशेपानी परेसँगै सर्लाहीमा ७५ प्रतिशत धान रोपाइँ भएको बताए । 'पानी नपर्दा खेतमा धाँजा फाटेको थियो, अहिले पानी परेपछि सुकेको रोपो पलाउने आशा जगाएको छ' उनले भने ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ